# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १२ | अंक ३४६ | काठमाडौं | बुधबार, २ वैशाख २०८३ | Prabhab National Daily | Wednesday, 15 April 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


## उपत्यकामा चल्न थाले रात्रिकालीन बस



तस्बिर: सामाजिक सञ्जालबाट

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकामा मंगलबारदेखि रात्रिकाली बससेवा सञ्चालनमा आएको छ। काठमाडौं महानगरपालिका (कामपा)ले साझा यातायातसँगको सहकार्यमा यो सेवा सुरु गरेको हो।

मंगलबार साँझ ७:०० बजेदेखि पुल्चोकबाट बससेवा शुभारम्भ गरिएको कामपाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले जानकारी दिइन्। उनका अनुसार पहिलो चरणमा काठमाडौं उपत्यकाको लगनखेलबाट बूढानीलकण्ठसम्म, बूढानीलकण्ठबाट लगनखेलसम्म, थानकोटदेखि एयरपोर्टसम्म र एयरपोर्टबाट थानकोटसम्मको रुटमा विद्युतीय बससेवा सञ्चालनमा ल्याइएको छ।

ललितपुरको लगनखेल, पाटन अस्पताल, अल्का, नर्भिक, प्रसूतिगृह, ट्रमा सेन्टर, वीर अस्पताल, कान्ति अस्पताल, टिचिङ अस्पताल, गंगालाल हृदय केन्द्रहुँदै बूढानीलकण्ठसम्म एउटा रुटमा बससेवा सञ्चालन गरिएको छ। उत्तरदक्षिणतर्फ पर्ने यो १६ किलोमिटरको एकतर्फी रुट हुने कामपाले जनाएको छ।

थानकोटबाट सतुंगल, कलंकी, कालीमाटी, त्रिपुरेश्वर, थापाथली, माइतीघर मण्डल, बानेश्वर, मीनभवन, तीनकुनेहुँदै अन्तर्राष्ट्रिय विमानस्थलसम्म पूर्वपश्चिम दिशाको एकतर्फी दूरी २० किलोमिटरको हो। यी दुई रुटमा चारवटा रात्रिकालीन विद्युतीय बस सञ्चालनमा ल्याइएको महानगरले जानकारी दिएको छ।

- लगनखेलबाट बूढानीलकण्ठसम्म, बूढानीलकण्ठबाट लगनखेलसम्म, थानकोटदेखि एयरपोर्टसम्म र एयरपोर्टबाट थानकोटसम्मको रूटमा रात्रीकालीन बससेवा सञ्चालनमा
- राति ८ देखि ११ बजेसम्म साझा यातायातका चार वटा विद्युतीय बस चल्ने
- तोकिएको रूटका बसस्टपबाट हरेक २० मिनेटको अन्तरमा बस आउने
- सुरक्षाका लागि बसमा सिसिटिभी क्यामरा जडान गरिनुका साथै नगर प्रहरी परिचालन

'बेलुका ८:०० बजेपछि सार्वजनिक यातायात सञ्चालन नहुँदा महँगोमा यात्रा गर्नुपर्ने समस्याको समाधान गर्न जरुरी भएकाले रात्रिकालीन सार्वजनिक यातायात सेवा सुरु गरिएको हो,' महानगरकी कार्यवाहक प्रमुख डंगोलले भनिन्, 'सार्वजनिक यातायात र यसको विकल्प नहुँदा सबैलाई समस्या परेकामा यसको केही हदसम्म समाधान हुने विश्वास छ।'

उनले यसअघि रातिको समयमा किशोरी र महिलाले दुर्व्यवहार भोग्नाका साथै विद्यार्थीलाई आर्थिकरूपमा पनि खर्चिलो हुने गरेकामा केही सहज हुने विश्वास व्यक्त गरिन्। सेवालाई अत्याधुनिक, एकीकृत, सहज, सुरक्षित, भरपर्दो दिगो प्रणालीमैत्री बनाइएको उनको भनाइ छ। तोकिएको रुटका बसस्टपबाट हरेक २० मिनेटको अन्तरमा बस आउने छन्। बसमा सिसिटिभी क्यामरा जडान गरिएको छ भने सुरक्षाका लागि नगर प्रहरी खटाइएको छ।

## प्रधानमन्त्रीको 'राष्ट्रिय प्रतिबद्धता'मा विपक्षी सशंकित



सबै दलका घोषणापत्रमा रहेका साझा एजेण्डालाई एकीकृत गर्दै सबैको अपनत्व हुने राष्ट्रिय दस्तावेज तयार पार्न खोजिएको हो।

■ **सुमनराज अर्याल**
मुख्यसचिव



आस्थाका आधारमा प्रतिशोध साँध्ने स्थिति भए हामीलाई मान्य हुँदैन तर व्यक्तिले गरेको अपराधका आधारमा एक्सन लिने भए त्यो स्वीकार्छौं।


■ **देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस



हामी नै हौं कि जो-जो सार्वजनिक पदमा बसेका छन्, उनको सम्पत्ति छानबिन हुनुपर्छ भन्ने।

■ **प्रकाश ज्वाला**
नेता, नेपाली कम्युनिस्ट पार्टी

■ जेबी योञ्जन



राष्ट्रिय प्रतिवद्धता
(शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुंदा नं.-३)
(२०८२ फागुन २१ गतेको निर्वाचनमा सहभागी प्रमुख ६ वटा राजनीतिक दलका घोषणापत्र, वाचापत्र तथा प्रतिवद्धता अनुसार तयार गरिएको)

पृष्ठभूमि
नेपालको संविधान, लोकतान्त्रिक मूल्य मान्यताको आदर्शलाई आत्मसाथ गरी २००७ साल देखि भएका विभिन्न राजनीतिक आन्दोलनका साथै भ्रष्टाचार नियन्त्रण र सुशासन कायम राख्न नितान्त फरक प्रकृतिको माग राखी २०८२ भाद्र २३ र २४ गते भएको जेन-जी आन्दोलनको परिवेशमा २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमा सहभागी भएका राजनीतिक दलहरु मध्ये जम्मा ६ वटा दलले राष्ट्रिय मान्यता प्राप्त गरेका छन्। निर्वाचन परिणाम अनुसार १८२ सिट हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका नेता वालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएको छ। नयाँ सरकार गठन भए पछि २०८२ चैत्र १३ गते शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची जारी भएको छ। उक्त कार्यसूचीको बुँदा नम्बर ३ मा निर्वाचनमा सहभागी सबै राजनीतिक दलले निर्वाचनमा गरेको घोषणापत्र, वाचापत्र तथा प्रतिवद्धतपत्रलाई समेटेर राष्ट्रिय प्रतिवद्धता तयार गरी नेपाल सरकारको साझा स्वामित्व लिने विषय उल्लेख छ। जस अनुसार निर्वाचनमा राष्ट्रिय मान्यताप्राप्त ६ वटा राजनीतिक दलहरुका घोषणापत्र, वाचापत्र तथा प्रतिवद्धताहरुलाई समेटेर यो **राष्ट्रिय प्रतिवद्धता** तयार गरिएको छ। उक्त प्रतिवद्धतालाई आगामी आर्थिक वर्ष २०८३/८४ र त्यसपछिका वर्षहरुको वार्षिक नीति तथा कार्यक्रम, बजेट र सुधार एजेण्डासँग आवद्ध गरिनेछ। यो प्रतिवद्धताको कार्यान्वयन विभिन्न विषयगत मन्त्रालय तथा निकायहरुले आफ्नो वार्षिक कार्यक्रम र बजेटमा समावेश गरी गर्नेछन्। यसको प्रभाकारी कार्यान्वयनको लागि अनुगमन तथा



**काठमाडौं–** प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले देशको दीर्घकालीन नीति र विकासको स्पष्ट मार्गचित्र तय गर्ने दाबीका साथ 'राष्ट्रिय प्रतिबद्धता' तय गर्ने भएको छ। प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने छ वटा दलका घोषणापत्र, वाचापत्र र प्रतिबद्धतापत्रलाई आधार बनाएर तयार गरिने भएको हो।

सुझावका लागि दलहरूसमक्ष 'राष्ट्रिय प्रतिबद्धता'को मस्यौदा पठाएको छ। यही वैशाख १० गतेसम्म प्रतिक्रिया दिन समय दिइएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार २२ पृष्ठको मस्यौदामा अर्थतन्त्र, सुशासन, रोजगारी, ऊर्जा, पूर्वाधार, शिक्षा, स्वास्थ्य, पर्यटन र कूटनीतिसहितका बहुआयामिक क्षेत्र समेटिएका छन्। सरकारको दाबी छ कि यसले आगामी पाँच वर्षभित्र नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुकमा रूपान्तरण गर्ने स्पष्ट आधार प्रस्तुत गरेको छ। त्यसका लागि सात प्रतिशत औसत आर्थिक वृद्धिदर, प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर र कूल गार्हस्थ उत्पादन १०० अर्ब डलर पुऱ्याउने लक्ष्य राखिएको छ।

मुख्यसचिव सुमनराज अर्यालले सबै दलका घोषणापत्रमा रहेका साझा एजेण्डालाई एकीकृत गर्दै सबैको अपनत्व हुने राष्ट्रिय दस्तावेज तयार पार्न खोजिएको मंगलबार पत्रकारहरूलाई बताए। उनका अनुसार दलहरूबाट सुझाव संकलन गरी त्यसको विश्लेषणपछि अन्तिम दस्तावेज तयार पारिने छ र त्यसलाई सरकारको नीति, कार्यक्रम तथा बजेटमा प्रतिविम्बित गरिने छ।

तर, सरकारको यो प्रयासलाई विपक्षी दलहरूले चासोपूर्वक हेरेका छन्। नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले जनताका हितमा रहेका एजेण्डा कार्यान्वयनमा आफ्नो पार्टी सकारात्मक भए पनि त्यसको आडमा राजनीतिक प्रतिशोध वा लोकतान्त्रिक मूल्य कमजोर पार्ने काम हुन सक्ने भन्दै सचेत रहनुपर्ने बताएका छन्। उनले नीतिगत सुधारका नाममा आस्थाका आधारमा कारबाही गरिने अवस्था आए त्यो स्वीकार्य नहुने स्पष्ट पारे। 'आस्थाका आधारमा प्रतिशोध साँध्ने स्थिति भए हामीलाई मान्य हुँदैन तर व्यक्तिले गरेको अपराधका आधारमा एक्सन लिने भए त्यो स्वीकार्छौं,' उनले प्रभावसँग भने। नेकपा एमालेले मस्यौदाबारे औपचारिक धारणा बनाउनुअघि पार्टीभित्र गहन अध्ययन आवश्यक रहेको जनाएको छ। यसले सरकारको प्रस्तावप्रति दलहरू तत्काल सहमत हुने अवस्थामा नरहेको संकेत गरेको छ।

मस्यौदामा समेटिएको सबैभन्दा विवादास्पद प्रस्तावमा २०४६ सालपछि सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्ने विषय हो। यो प्रस्तावले पुराना राजनीतिक दलका शीर्ष नेतृत्वलाई प्रत्यक्ष रूपमा प्रभावित पार्ने भएकाले यसमा सहमति जुटाउन कठिन हुने देखिएको छ। राजनीतिक वृत्तमा किन २०४६ पछिबाट मात्रै छानबिन गर्ने र त्यसअघिको किन नगर्ने भन्ने प्रश्न पनि उठ्न थालेका छन्। यसले सरकारको नियतप्रति शंका उत्पन्न गरिरहेको छ।

क्रमशः पृष्ठ २ मा

### यी हुन् मस्यौदाका १२ बुँदा

**आर्थिक स्थायित्व र संरचनात्मक सुधार**

मस्यौदामा उत्पादनमुखी क्षेत्र विस्तार, प्रगतिशील कर प्रणाली, आय असमानता न्यूनीकरण तथा लगानीमैत्री वातावरण निर्माणमार्फत आर्थिक आधार सुदृढ गरिने नीति उल्लेख छ। पाँच वर्षभित्र सात प्रतिशत औसत आर्थिक वृद्धि हासिल गरी प्रतिव्यक्ति आय तीन हजार डलर पुऱ्याउने लक्ष्य राखिएको छ।

**रोजगारी सिर्जना र श्रमको रूपान्तरण**

वालेन्द्र सरकारले रोजगारीलाई स्थायी आर्थिक आधारका रूपमा विकास गर्न डिजिटल अर्थतन्त्र, रिमोट वर्क र सीपमूलक शिक्षालाई प्राथमिकता दिएको छ। पाँच वर्षमा १५ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य राख्दै सूचना प्रविधि, निर्माण, पर्यटन र कृषि क्षेत्रमा अवसर विस्तार गरिने सरकारको योजना छ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## खाडी राष्ट्रहरूमा फेरि युद्धको त्रास

### इरानी आक्रमणमा ज्यान गुमाउनेहरू अधिकांश विदेशी कामदार

■ ममता थापा



**काठमाडौं–** अमेरिका र इरानबीच पाकिस्तानमा भएको पहिलो चरणको वार्ता विफल भएसँगै पश्चिम एसिया क्षेत्र फेरि द्वन्द्वतर्फ उन्मुख भएको छ। अमेरिकाले स्ट्रेट अफ हर्मुजलाई आफ्नो नियन्त्रणमा लिने घोषणा गरेसँगै द्वन्द्व चर्किने संकेत गरेको हो। यसले १७ लाखभन्दा बढी नेपाली रहेको त्यस क्षेत्रमा फेरि तनावको अवस्था सिर्जना गरेको छ।

अमेरिका र इजरायलले एक महिनाभन्दा बढी समय इरानमाथि आक्रमण गर्दा इरानले खाडी मुलुकहरूमा रहेका अमेरिकी बेसलाई लक्षित गरी प्रतिआक्रमण गरेको थियो। त्यसरी इरानले ड्रोन तथा मिसाइल आक्रमण गर्दा खाडीका विभिन्न मुलुकमा कम्तीमा ११ जना आप्रवासी कामदारको मृत्यु भएको बताइएको छ। पछिल्लोपटक पुष्टि भएका विवरणअनुसार संयुक्त अरब इमिरेट्स (युएई), ओमान र साउदी अरेबियामा भएका आक्रमणमा आप्रवासी कामदारको मृत्यु भएको पाइएको छ।

मृत्यु भएका अधिकांश कामदार दक्षिण एसियाली मुलुकका रहेका छन्। तीमध्ये एक जना नेपाली नागरिककोसमेत ज्यान गएको थियो। हालसम्म विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा प्रकाशित भएका समाचारमा उल्लेख भएअनुसार युएईमा मात्र छ जना विदेशी कामदारको पहिचान खुलेको छ। युएईमा मृत्यु भएकामध्ये पाकिस्तानका ४४ वर्षीय मुरिब जमाननिजार, २७ वर्षीय मुजफ्फर अलीगुलाम र इस्माइल सलिमखान रहेका छन्। निजार र गुलाम दुवै जना चालकको रूपमा कार्यरत थिए। उनीहरू आफ्नो दैनिक काम काममा सवारीसाधनमै रहेका बेला ड्रोन र मिसाइलका टुक्राले लागेर ज्यान गएको जनाइएको छ। त्यस्तै, पानी वितरणको काम गर्ने बंगलादेशका ५५ वर्षीय अहमद अलीको पनि काम गरिरहेकै समयमा ज्यान गएको देखिन्छ। उक्त घटनामा नेपाली नागरिक गोरखाका दिवस श्रेष्ठको पनि मृत्यु भयो। अबुधाबीस्थित जायद विमानस्थलमा सुरक्षा गार्डको रूपमा कार्यरत उनको ड्रोन निश्क्रिय पार्ने क्रममा ज्यान गएको थियो।

यसैगरी, ओमानको सोहार औद्योगिक क्षेत्रमा भएको ड्रोन आक्रमणमा दुई जना विदेशी श्रमिकको मृत्यु भएको पुष्टि भए पनि उनीहरूको नाम सार्वजनिक गरिएको छैन। प्रारम्भिक विवरणअनुसार उनीहरू भारतीय नागरिक हुन सक्ने अनुमान गरिएको छ। यस्तै, साउदी अरेबियामा पनि एक भारतीय र एक बंगलादेशी कामदारको मृत्यु भएको पुष्टि भए पनि आधिकारिकरूपमा नाम सार्वजनिक गरिएको छैन।

क्रमशः पृष्ठ २ मा


## राष्ट्रिय आर्थिक गणना, २०८३ सफल पारौं !

'अर्थतन्त्र मापनको लागि आर्थिक गणना'

- आर्थिक गणना किनः देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्यांक प्राप्त गर्न,
- गणना अवधिः २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- कसलाई समेट्नेः सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरु ।

तथ्यांक ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ ।
सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ५५ हाते लामो लिंगो ढाल्ने जात्रा सम्पन्न



**भादगाउँ–** भक्तपुरको प्रसिद्ध बिस्का जात्राको पाँचौं दिन मंगलबार साँझ भेलुखेलस्थित यसीँख्योमा ५५ हात लामो यसीँ (लिंगो) ढाल्ने जात्रा सम्पन्न भएको छ । पुरानो वर्षको बिदाइ र नयाँ वर्षको आगमनको अघिल्लो दिन उठाएको लिंगो बुधबार तान्त्रिक विधिपूर्वक पूजाआजा गरी साँझ ५:४९ मिनेटमा ढालिएको हो ।

भैरवनाथको प्रतीक मानिने लिंगोमा बाँडिएको अष्टमातृकाको प्रतीक आठ वटा डोरी फुकाएर सबैतिर तानातान गरी लिंगो ढाल्ने गर्छ । लिंगो ढाल्नु पनि बिस्का जात्राको प्रमुख जात्राका रूपमा लिइन्छ । यो जात्रा पछि तलेजुभित्र दुमाजुको विशेष पूजाआजा गरी यसीँख्योमा रहेको भैरव र भद्रकालीको रथलाई गःहिटि पुऱ्याई रथ जुधाउने जात्रा गरिन्छ ।

यो जात्रा हेर्नाले सुख, समृद्धि, सहकाल आउनाका साथै शत्रुहरू नाश हन्छन् भन्ने धार्मिक मान्यता रहेकाले यस जात्रालाई शत्रुहन्ता जात्रा पनि भन्ने गरिन्छ । *रासस*

# अब हरेक शनिबार असन क्षेत्र ‘भेहिकल फ्री’

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले असन क्षेत्रको मौलिकतालाई जोगाउन यही वैशाख ५ गतेदेखि हरेक शनिबार सवारीसाधन प्रवेश निषेध गरेर सामाजिक, सांस्कृतिक तथा व्यापारिक क्रियाकलाप बढाउने भएको छ ।

यसअघि स्थानीय संघसंस्था, क्लब तथा समुदायको चैत २८ गतेदेखि कार्यक्रम सञ्चालन गर्ने तयारी थियो । यस क्रममा कामपाकी कार्यवाहक प्रमुख सुनिता डंगोलको अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं, वडाध्यक्ष योगेश खड्गी, प्रशासन विभागका प्रमुख महेश काफ्लेसहित सरोकार भएका निकायका अधिकारी, स्थानीय संघसंस्था तथा क्लब र समुदायका प्रतिनिधिसहितको बैठकले कार्यक्रम तयारीमा कमजोरी हुन नदिन एक साता पछाडि सारेर वैशाख ५ गतेदेखि कार्यान्वयन गर्ने निर्णय गरेको हो ।

‘असन सुनदेखि नुनसम्म र जन्मदेखि मृत्युसम्मका धार्मिक तथा सामाजिक कामका लागि आवश्यक पर्ने स्थान हो । यसको प्राचीन र सांस्कृतिक महत्त्व जोगाउनु हाम्रो दायित्व हो,’ बैठकमा कार्यवाहक प्रमुख डंगोलले भनिन्, ‘वडा कार्यालयको नेतृत्व, सरोकार भएका तथा साझेदारको सहभागिता र स्थानीय अपनत्वमा कार्यक्रम प्रारम्भ गरौं । थालिएको कामलाई दिगो बनाऔं ।’ आवागमन, स्थानीयबासीको सहजता तथा सुरक्षालाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरिनुपर्नेमा उनले जोड दिइन् ।

‘भेहिकल फ्री असन’ कार्यक्रमअन्तर्गत कामपा–२७ को कमलाक्षी चोकबाट असनसम्म, भोटाहिटी चोकबाट असनसम्म र महाबौद्धबाट असनसम्मको क्षेत्रमा हरेक शनिबार सवारीसाधन प्रवेशमा रोक लगाइने छ । यस क्षेत्रबाट गन्तव्य जाने सवारीसाधनलाई वैकल्पिक मार्ग प्रदान गरिने छ ।

यस क्षेत्रलाई सम्पदा मार्गका रूपमा विकास गरेर स्थानीय परम्परागत तथा रैथाने व्यापार व्यवसायलाई प्रवर्द्धन गरिने कामपाले जनाएको छ । यसको सञ्चालन व्यवस्थापनका जिम्मेवारी महानगर प्रहरी बललाई प्रदान गर्ने कामपाको तयारी छ । ‘स्थानीय, संघसंस्था, क्लब तथा समुदायको साथमा वडाले कार्यक्रम अगाडि बढाएको हो,’ वडाध्यक्ष खड्गीले भने, ‘कार्यक्रमले असन बजारको मौलिकतासँगै वायु प्रदूषण नियन्त्रण र सहरी वातावरण सुधारमा योगदान गर्नेछ ।’

छलफलमा काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रहरी उपरीक्षक प्रजित केसी, उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक लोकेन्द्रसिंह गुरुङ र महानगर प्रहरी बलका प्रमुख विष्णुप्रसाद जोशीले यातायात आवागमन व्यवस्थापनलाई मजबुत बनाइने प्रतिबद्धता जनाए ।

# नयाँ वर्षमा मस्त झुम्यो पोखरा



**गण्डकी–** नयाँ वर्ष २०८३ को स्वागतसँगै पर्यटकीय राजधानी पोखरा मंगलबार मस्त झुमेको छ । नयाँ वर्षको छेको पारेर लेकसाइडमा आयोजना गरिएको फेवा नयाँ वर्ष महोत्सवले बेग्लै रौनक ल्याएको थियो ।

रंगीचंगी तुल, ध्वजापतका र प्रवेशद्वारले पोखराको लेकसाइड क्षेत्र सिँगारिएको छ । नयाँ वर्ष मनाउन पोखरा आएका पर्यटकले यहाँका होटल भरिभराउ छन् ।

लेकसाइड क्षेत्रका पसल र रेस्टुराँबाट निस्कने संगीतको मधुर धुनसँगै आगन्तुकहरू ओहोरदोहोर गरिरहेका देखिन्थे । सडक छेउछाउ राखिएका व्यावसायिक कक्षमा किनमेल गर्नेको भीड थियो । मौलिक झाँकी, नृत्यदेखि सांगीतिक ‘कन्सर्ट’मा पर्यटक झुमिरहेका थिए । आइतबारदेखि सुरु भएको महोत्सव मंगलबार मध्यरातसम्म चलेको थियो । आयोजक होटल संघ पोखरामा अध्यक्ष लक्ष्मण सुवेदीले २१औं संस्करणको महोत्सव आयोजना भएको बताए ।

तीन दिनसम्म दशौं हजार पर्यटकले महोत्सव अवलोकन गरेको उनको भनाइ छ । नयाँ वर्ष मनाउने गन्तव्यका रूपमा फेवा महोत्सव स्थापित भइरहेको अध्यक्ष सुवेदीले बताए । महोत्सवमा संस्कृति संरक्षण, मनोरञ्जनसँगै व्यवसाय प्रवर्द्धनका गतिविधि सञ्चालन गरिएको उनको भनाइ छ । लेकसाइडको हलनचोकदेखि डयामसाइडसम्म करिब तीन किलोमिटर सडक क्षेत्रमा महोत्सव आयोजना गरिएको हो । ‘पर्यटन, संस्कृति र खाना’ नारा दिइएको महोत्सवमा विभिन्न सांस्कृतिक कार्यक्रम, खाना प्रदर्शनीलगायत सडकमै राखिएको थियो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले यस्ता मेला महोत्सवले पोखराको पर्यटकीय गतिविधिलाई चलायमान बनाउने बताए । उनले स्थानीय अर्थतन्त्र उकास्न र व्यवसायीहरूको मनोबल बढाउन पनि मेला-महोत्सव आयोजना भइरहनुपर्ने धारणा राखे । पोखरामा हुने यस्ता गतिविधिले यहाँको पर्यटनलाई प्रवर्द्धन गर्ने, आर्थिक अवसर सिर्जना हुने विश्वास लिइएको छ ।

नयाँ वर्षका दिन फेवातालमा रहेको ताल बाराही मन्दिरमा पनि भक्तजन र पर्यटकको भीड लागेको मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष परशुराम शर्मा पहारीले बताए । *रासस*

पृष्ठ १ बाट क्रमशः

## प्रधानमन्त्रीको...

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता प्रकाश ज्वालाले सरकारको नियतमा खोट नभए राष्ट्रिय प्रतिबद्धतामा आफ्नो पार्टीको समर्थन रहने बताए । आफ्नो पार्टी लामो समयदेखि देशमा व्याप्त भ्रष्टाचारको विरुद्धमा लड्दै आएको स्मरण गर्दै उनले भने, ‘हामी नै हौं कि जो जो सार्वजनिक पदमा बसेका छन्, उनको सम्पत्ति छानबिन हुनुपर्छ भने । त्यसो हुँदा हामीले डर छैन र प्रतिशोध साँध्नेगरी यो प्रतिबद्धता आउँछ कि भन्ने संशय छ ।’

प्रतिबद्धतामा कर्मचारीतन्त्रमा दलीय प्रभाव अन्त्य गर्ने र सरकारी सेवाभित्रका ट्रेड युनियन खारेज गर्ने प्रस्तावबारे पनि संसद्का छ दलमा सहमति जुट्न मुस्किल पर्ने देखिएको छ । तर, यसबारे सरकारको तर्क छ कि, यसले सार्वजनिक प्रशासनलाई निष्पक्ष र प्रभावकारी बनाउने छ । कर्मचारी संगठनहरूले भने यसलाई संवैधानिक अधिकार कटौतीको प्रयासका रूपमा लिइने र त्यसबाट प्रशासनिक अस्थिरता निम्तिन सक्ने जोखिम पनि औंल्याइएको छ ।

‘राष्ट्रिय प्रतिबद्धता’ दस्तावेजले विकासका महत्त्वाकांक्षी लक्ष्यहरू पनि अघि सारेको छ । पाँच वर्षभित्र १५ लाख रोजगारी सिर्जना गर्ने, ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने, डिजिटल अर्थतन्त्र विस्तार गर्ने, कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउने र शिक्षा तथा स्वास्थ्य क्षेत्रमा आमूल सुधार गर्ने योजना प्रस्तुत गरिएको छ । यद्यपि, यी लक्ष्यहरू व्यवहारमा कति सम्भव छन् भन्ने प्रश्न यथावत् छ । नेपालमा विगतमा पनि महत्त्वाकांक्षी नीति र योजना सार्वजनिक भए पनि कार्यान्वयन पक्ष कमजोर रहेको आलोचना दोहोरिँदै आएको छ ।

राजनीतिशास्त्रीहरूका अनुसार राष्ट्रिय मुद्दामा सहमति खोज्नु सकारात्मक भए पनि सबै विषयमा सहमति खोज्नु व्यावहारिक नहुन सक्छ । सरकारसँग दुईतिहाइ नजिकको जनादेश भएकाले अन्तिम निर्णय लिने जिम्मेवारी पनि उसकै हुन्छ । सहमतिको नाममा निर्णय प्रक्रियालाई अत्यधिक जटिल बनाइयो भने त्यसले सरकारको प्रभावकारिता नै कमजोर बनाउन सक्छ ।

यसअघि सरकारमा रहेका दलहरूले न्यूनतम साझा कार्यक्रम तय गरेर लागू गरिन्थ्यो । यसपटक भने अर्कै नाम दिइएको छ, जहाँ प्रतिनिधिसभाका सबै दलको घोषणापत्र, वाचापत्रलगायत माध्यममबाट प्रचारित एजेण्डालाई विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा बनेको शक्तिशाली सरकार हुँदा पनि अन्य दललाई समेट्ने प्रयास गर्नु यसलाई रणनीतिक कदमका रूपमा व्याख्या गरिएको छ ।

यो पहल सफल भए दीर्घकालीन नीति स्थिरता, विकासमा निरन्तरता र राजनीतिक सहकार्यको नयाँ आधार स्थापित हुन सक्ने त्रिभुवन विश्वविद्यालयका राजनीतिशास्त्रका सहप्राध्यापक डा. अश्वस्थामाभक्त खरेल बताउँछन् । असफल भए यसले दलहरूबीचको अविश्वास अझ गहिरो बनाउने र राजनीतिक ध्रुवीकरणलाई बढावा दिने जोखिम पनि उत्तिकै रहेको उनको विश्लेषण छ ।

■■■

## यी हुन् ...

श्रम बजारलाई सुरक्षित, मर्यादित र न्यायपूर्ण बनाउने तथा श्रमिक शोषण अन्त्य गर्ने नीति पनि समेटिएको छ ।

### कृषि आधुनिकीकरण र आत्मनिर्भरता

प्रतिबद्धतामा कृषिलाई सम्मानजनक पेशा बनाउँदै आत्मनिर्भर अर्थतन्त्रतर्फ उन्मुख हुने रणनीति अपनाइएको छ । किसानलाई सहुलियत ऋण, बीमा, पेन्सन र परिचयपत्रको व्यवस्था गरिने भएको छ । बाँझो जमिन उपयोग, सिँचाइ विस्तार, बीउ बैंक स्थापना र उत्पादन-प्रशोधन श्रृंखला विकासमार्फत कृषि उत्पादन वृद्धि गरिने योजना सरकारको छ ।

### शिक्षामा आमूल परिवर्तन

प्रतिबद्धतामा सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्दै विद्यालय शिक्षा निःशुल्क र अनिवार्य बनाउने लक्ष्य राखिएको छ । स्थानीय भाषामा शिक्षा, नैतिक शिक्षाको समावेश र व्यावहारिक सीपमा आधारित पाठ्यक्रम लागू गरिने भएको छ । उच्च शिक्षालाई अनुसन्धानमुखी, रोजगार मुखी र प्रतिस्पधी बनाउँदै विश्वविद्यालयहरूको पुनर्संरचना गरिने नीति सरकारको छ ।

### स्वास्थ्य सेवा सर्वसुलभ र गुणस्तरीय बनाउने

सरकारले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने लक्ष्यसहित स्वास्थ्य प्रणालीको पुनर्संरचना गरिने भएको छ । टेलिमेडिसिन विस्तार, स्वास्थ्य बीमा सुदृढीकरण, मानसिक स्वास्थ्य सेवा विस्तार र ज्येष्ठ नागरिकको घरदैलोमा सेवा पुऱ्याउने योजना सरकारको छ । ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विस्तारलाई विशेष प्राथमिकता दिइएको छ ।

### पर्यटनको गुणस्तरीय विस्तार र विविधीकरण

पाँच वर्षभित्र पर्यटकको औसत खर्च दोब्बर बनाउने लक्ष्य राखिएको छ । ‘राष्ट्रिय आरोग्य वर्ष २०२७’ घोषणा गरी वेलनेस पर्यटन, होमस्टे, साहसिक पर्यटन र नयाँ गन्तव्य विकासमा जोड दिइएको छ ।

### ऊर्जा उत्पादन र हरित अर्थतन्त्र

सरकारले ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित ऊर्जा क्षेत्रमा ठूलो लगानी गर्ने भएको छ ।

जलविद्युतका साथै हरित ऊर्जा, ग्रीन हाइड्रोजन र ऊर्जा निर्यातमा ध्यान दिइने भएको छ ।

### पूर्वाधार विकास र कनेक्टिभिटी

मल्टिमोडल यातायात प्रणाली विकास, राजमार्ग स्तरोन्नति, जलमार्ग प्रयोग र अन्तरदेशीय कनेक्टिभिटी विस्तार प्रतिबद्धताको मस्यौदामा छ । ठूला आयोजना समयमै सम्पन्न गर्न मिशन मोडमा कार्यान्वयन गर्ने नीति लिइएको छ ।

### सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण

सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही र प्रविधिमैत्री बनाउने लक्ष्य राखिएको छ । सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन, सूचनादाताको संरक्षण र डिजिटल सेवा प्रवाहमार्फत भ्रष्टाचार नियन्त्रण गरिने छ ।

### डिजिटल रूपान्तरण र प्रविधि विकास

सरकारले सूचना प्रविधिलाई राष्ट्रिय रणनीतिक क्षेत्रका रूपमा विकास गर्दै कृत्रिम बुद्धिमत्ता, डाटा र साइबर सुरक्षामा लगानी बढाउने जनाएको छ ।

### वातावरण संरक्षण र जलवायु न्याय

वन, जैविक विविधता र जलस्रोत संरक्षण गर्दै हरित अर्थतन्त्र प्रवर्द्धन गर्ने भनिएको छ । जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय सहयोग र जलवायु न्यायको मुद्दा विश्वमञ्चमा उठाइने प्रतिबद्धता गरिएको छ ।

### सन्तुलित कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्ध

सरकारले विकास कूटनीतिलाई अघि सार्ने देखिएको छ । त्यसका लागि ‘नेपाल पहिलो’को राष्ट्रिय चाहनालाई अघि बढाउने भएको छ । छिमेकी मुलुकहरूसँग सहकार्य सुदृढ गर्दै आर्थिक कूटनीतिलाई प्राथमिकता दिने उल्लेख छ ।

■■■

## खाडी राष्ट्रहरूमा...

यसरी हेर्दा हालसम्म पहिचान खुलेका र नखुलेका गरी कम्तीमा ११ जना विदेशी कामदारले ज्यान गुमाएका छन् । जबकि, खाडी क्षेत्रमा गत फेब्रवरी २८ यता कूल १७ जनाले ज्यान गुमाएको पुष्टि भएको छ । यसलाई आधार मान्दा विभिन्न मुलुकबाट गएर काम गरिरहेका श्रमिक बढी जोखिममा रहेको देखिन्छ । ज्यान गुमाउनेमध्य पनि अधिकांश श्रमिक दक्षिण एसियाका छन् । उनीहरू खाडी मुलुकमा निर्माण, यातायात, सेवा र औद्योगिक क्षेत्रमा न्यून आयमा काम गर्दै आएका छन् । विशेषगरी चालक, डेलिभरी कामदार तथा औद्योगिक क्षेत्रमा कार्यरत श्रमिक बढी जोखिममा देखिएको जानकारहरू बताउँछन् । उनीहरू प्रायः खुला स्थान, सडक वा औद्योगिक क्षेत्रमा काम गर्ने भएकाले मिसाइल आक्रमणको प्रत्यक्ष प्रभावमा परेका हुन् । उनीहरू कामका कारण सुरक्षित स्थानमा जान वा तत्काल स्थान परिवर्तन गर्न सक्ने अवस्थामा नभएकाले पनि जोखिममा रहेको पाइएको छ ।

वैदेशिक रोजगार विभागका अनुसार नेपालबाट खाडी मुलुकहरू: युएई, कतार, साउदी अरेबिया, कुवेत र ओमानमा ठूलो संख्यामा श्रमिक गएका छन् । खाडी क्षेत्रमा नेपालका करिब १७ लाखभन्दा बढी श्रमिक कार्यरत रहेको परराष्ट्र मन्त्रालयको तथ्यांक छ । तीमध्ये अधिकांश न्यून सुरक्षा भएका क्षेत्रमा कार्यरत छन् । रोजगार गन्तव्यहरू असुरक्षित बन्नु नेपालका लागि गम्भीर चिन्ताको विषय बनेको छ ।

गत अप्रिल ८ मा संयुक्त राज्य अमेरिका र इरानले दुई साताका लागि युद्धविराम भएको जनाएका थिए । यसले आक्रमणलाई घटाउँदै वार्ताको स्थिति तयार गरेको थियो । तनावको स्थिति केही साम्य भएसँगै खाडीमा कार्यरत श्रमिकहरूका साथै पूरै विश्वले युद्धको अन्त्य हुने कामना गरिरहको थियो । तर गत शुक्रबार इस्लामावादमा भएको वार्ता सफल हुन नसकेपछि अमेरिकाले इरानका बन्दरगाहहरूमा नाकाबन्दी सुरु गरेको छ भने सैन्य गतिविधि पनि बढेका छन् । यसले कुनै पनि बेला ठूलो संघर्ष हुने जोखिम बढाएको छ ।

खाडी क्षेत्रमा बढ्दो भूराजनीतिक तनावले नेपाली श्रमिकको सुरक्षा थप चुनौतीपूर्ण बनाएको विज्ञहरूले औंल्याउँदै आएका छन् । द्वन्द्वको अवस्थामा श्रमिकहरूलाई सुरक्षित स्थानमा सार्ने, आपत्कालीन उद्धार तथा सूचना प्रवाह गर्ने संयन्त्र कमजोर देखिएको उनीहरूको दाबी छ । यस्तो अन्योलताको अवस्थामा दूतावासलाई सक्रिय बनाउने, जोखिमयुक्त क्षेत्रमा रहेका नेपालीको तथ्यांक अद्यावधिक गर्ने तथा आपत्कालीन योजना तयार पार्नुपर्नेमा सरोकारवालाहरूको जोड छ ।

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बुधबार, २ वैशाख, २०८३

| | |
|---|---|
| मेष | अहंकार माथि नियन्त्रण गर्नुपर्ने देखिन्छ । सकारात्मक सोचका साथ दिनको सुरुवात गर्नुहोला । |
| वृष | व्यस्ततामा समय बित्नेछ । ध्यान र शान्त मनले दिनको सुरुवात गर्नुहोला । |
| मिथुन | घुमफिरको अवसर मिल्नेछ । उत्साहका साथ दिनको सुरुवात गर्नुहोला । |
| कर्कट | चित्र् एकाग्र गर्नुपर्ने समय रहेको छ । धैर्य र संयमताका साथ अघि बढ्नुहोला । |
| सिंह | आटेका कार्य पूर्ण हुनेछन् । आत्मविश्वासका साथ दिनको सुरुवात गर्नुहोला । |
| कन्या | प्रेम प्रसङ्गमा समय व्यतित हुनेछ । समझदारीका साथ दिन अगाडि बढाउनुहोला । |
| तुला | बोलिभन्दा कार्यमा समय खर्चिनु राम्रो हुनेछ । कर्ममा केन्द्रित रहनुहोला । |
| वृश्चिक | मिष्ठान्न भोजन सुख प्राप्त हुनेछ । आनन्दित मनले दिन बिताउनुहोला । |
| धनु | पारिवारिक सुख कायम रहला । परिवारसँग समय बिताउनु राम्रो हुनेछ । |
| मकर | साथिभाइको सहयोग रहने योग रहेको छ । सहकार्यमा जोड दिनुहोला । |
| कुम्भ | ज्यादा मिहिनेत गर्नुपर्ने देखिन्छ । लगनशील भएर अघि बढ्नुहोला । |
| मीन | विगतका गल्ती सम्झेर मन उदास रहनेछ । सकारात्मक सोच राख्दै दिनको सुरुवात गर्नुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | ६६१२२६६ |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२ वैशाख, २०८३ (१५ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४९.११ | १४९.७१ |
| युरो | १ को | १७४.४२ | १७५.१२ |
| पाउन्ड स्टिर्लङ | १ को | २००.३७ | २०१.१७ |
| स्विस फ्रैन्क | १ को | १८८.८४ | १८९.६० |
| अस्ट्रेलियन डलर | १ को | १०५.०६ | १०५.४९ |
| क्यानाडियन डलर | १ को | १०७.७५ | १०८.१८ |
| सिङ्गापुर डलर | १ को | ११६.९० | ११७.३७ |
| जापानी येन | १० को | ९.३३ | ९.३७ |
| चिनियाँ युआन | १ को | २१.८३ | २१.९१ |
| साउदी अरब रियाल | १ को | ३९.७३ | ३९.८९ |
| कतारी रियाल | १ को | ४०.९० | ४१.०६ |
| थाई भाट | ख १ को | ४.६२ | ४.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.५९ | ४०.७६ |
| मलेसियन रिङेट | १ को | ३७.५१ | ३७.६६ |
| दक्षिण कोरियन वन | १०० को | १०.०३ | १०.०७ |
| स्विडिस क्रोनर | १ को | १६.०३ | १६.०९ |
| डेनिस क्रोनर | १ को | २३.३४ | २३.४४ |
| हङकङ डलर | १ को | १९.०४ | १९.११ |
| कुवेती दिनार | १ को | ४८६.४१ | ४८८.३७ |
| बहराइन दिनार | १ को | ३९५.१५ | ३९६.७४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# पानीको संकटले हरायो जुडशीतल पर्वको रौनक



■ गोपालप्रसाद बराल

**महोत्तरी–** नयाँ वर्ष पारम्भका दिन मंगलबार मधेसको मिथिला क्षेत्रमा हिलो खेलेर वर्षभरि सहकाल होस् भन्ने कामना गर्दै जुडशीतल पर्व मनाइयो । तर यस क्षेत्रका अधिकांश वस्तीमा पानीका स्रोतका मुहान चैतमै सुकेर, पोखरी, डबरा (स–साना पोखरी आकारका खाल्डा) मा धाँजा फाटेपछि यहाँ माटोको हिलो देखिएको छैन । हिलो कतै नदेखिएपछि जुडशीतल पर्वको रौनकता नै हराउने चिन्ता बढेको छ ।

कृषिसँग गहिरो नाता राख्ने जुडशीतल पर्व हिलो खेल्न नपाएर निरस हुनुसँगै यहाँ खेतीपातीमात्र नभएर राम्रो पानी परेर मुहान नरसाएसम्म खानेपानीकै हाहाकार पर्ने गर्छ । खासगरी जिल्लाको उत्तरी क्षेत्रका गौशाला, बर्दिबास र भंगाहा नगरपालिका क्षेत्रमा नदी, पानीखोल्सी, जरुवा, इनार र चापाकलसहितका पानीका स्रोतका मुहान सुक्दै गएपछि चैत नसकिँदै खानेपानीको संकट व्यहोर्नुपरेको बर्दिबास–१२ डाँडाटोल बिजलपुराका विश्वनाथ सिंह कुशवाहा बताउँछन् ।

'नयाँ वर्ष सुरु हुँदा हामीकहाँ हिलो खेलेर सहकालको कामना गर्ने मैथिल परम्परा छ,' कुशवाहा भन्छन्, 'तर चैत नसकिँदै इनारको पानीको सतह गहिरिँदै गएर हाहाकार नै पर्न थालिसकेको छ, नयाँ वर्षमा खेलिने हिलो कहाँ पाउनु ?' पानीकै अभावले जुडशीतलमा हिलो खेल्ने परम्परा अब सपना बनेको उनीँ बताउँछन् । कुशवाहामात्र नभएर यहाँका आम सर्वसाधारण पानीको समस्याको 'तारणहार' (समस्या निदान गर्ने) बनेर को निस्कलान् भन्ने प्रश्न तेर्स्याउँछन् ।

भर्खरै मुलुकमा निर्वाचन सम्पन्न भएर नयाँ सरकार गठन भएको छ । नयाँ सरकारसँग आफ्ना दुःख सुखका अपेक्षा सँगालेका महोत्तरीबासी चढ्दो गर्मीसँगै अब पानीको संकट सधैंलाई टार्ने काम होस् भन्ने आशमा छन् । पछिल्ला एक/डेढ दशकयता चैत नसकिँदै पानीका स्रोतका मुहान सुक्ने समस्या यहाँका सर्वसाधारणको नियति नै बनेको छ । यो समस्याको दीर्घकालीन समस्या निदानमा सरकारले उपयुक्त कदम बढाओस् भन्ने यहाँका बासिन्दाको माग छ ।

हिउँदमा वर्षा हुँदा मुहान रसाई रहेर पानीको समस्या कम हुने यहाँका बासिन्दाको विगत अनुभव छ । यसपालि हिउँदमा पानी नपरी बित्दा मुहान सुक्न थालेका हुन् । चैत लागेपछि भने पानी परेको छ । ढिलो पानी पर्दा सुकेको मुहान रसाउन समय लाग्ने हुँदा यहाँ चैत नसकिँदै पानीको समस्या बढ्न थालेको भंगाहा–४ प्रेमनगरका जवाहर महतो बताउँछन् ।

'यसपालि हिउँदभरि पानी नपर्दा इनारमा पानीको सतह गहिरिएको छ,' घर अगाडिको इनार देखाउँदै महतोले भने, 'चैत लागेयता भने पानी परेको छ, ढिलो पानी परेको हुँदा मुहान रसाउन पाएको छैन ।' अब केही दिनको फरकमा पानी परिरहे मुहान रसाउने आश भने पलाएको उनी बताउँछन् । चैत लागेयता १०/१२ दिनको फरकमा केहीबेर वर्ष भए पनि मुहानहरू अझै राम्ररी नरसाउँदा खानेपानीको अभाव हुन थालेको यहाँका बासिन्दा बताउँछन् । 'हिउँद्भरि पानी नपर्दा मुहान सुकेका छन्, चैत लागेयता पटक–पटक परेको पानीले अझै मुहानमा चिस्यान भरिएको छैन । नयाँ वर्ष सुरु हुन अगावै यहाँ पानीको अभाव खट्किन लागेको छ,' भंगाहा–४ कै रामनगर बस्तीका ८० वर्षीय किसान दीपबहादुर फुँयालले भने ।

पछिल्ला एक/डेढ दशकयता गौशालाका १२ मध्ये आठ, बर्दिबासका १४ र भंगाहा नगरपालिकाका नौमध्ये तीनवटा वडा बस्तीमा गर्मीयाममा खानेपानीको समस्या बढ्दै गएको छ । बर्दिबासमा अधिकांश बस्तीमा नदी र खोल्साखोल्सीको पानी संग्रह गरेर टंकीमा भण्डारण गरेर धाराबाट वितरण गरिन्छ । गर्मीयाममा नदी र खोल्साखोल्सी सुकेपछि यहाँ बर्सेनिजसो खानेपानीको अभाव सर्वसाधारणले व्यहोर्दै आएका छन् । 'दुई दिन भयो, पानी धेरै चाहिने बिहान/बेलुकाको समयमा धारामा पानी आउन छाडेको छ' बर्दिबास–१ को मुख्यचोककै बासिन्दा उद्धवबहादुर क्षत्री भन्छन्, 'वैशाख नलाग्दै यो अवस्था छ, जेठको प्रचण्ड रापमा झन् के होला ?'

पानीको यो समस्याले मुखमा आएको नयाँ वर्षमा मनाइने जुडशीतल पर्वबारे पछिल्लो किशोर पुस्तालाई कथा हालेर बताउनुपर्ने अवस्था बन्दै गएको बर्दिबास–१४ का पूर्ववडाध्यक्ष भरतबहादुर हमालको भनाइ छ । गर्मी बढेसँगै मुहानमा पानी घटेपछि यसको असर उपभोक्तामा परेको बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका उपाध्यक्ष राजेन्द्र थापा स्वीकार गर्छन् । 'गर्मीयाममा मुहानमा पानी घटेपछि टयांकीमा भरिन समय लाग्छ, त्यसैले गर्मी यामभरि सबैतिरका धारामा पानी पुऱ्याउन समय व्यवस्थापन गर्नुपर्दा थोरै समस्या पर्ने गरेको छ,' थापा भन्छन्, 'तर हामो व्यवस्थापनले पानीको हाहाकार नै भने पर्न दिएको छैन ।'

बर्दिबासका वडा नं १, २, ३, ४, ५, ८, १०, ११ र १४ का बस्ती पूरै खोल्साखोल्सी र नदीबाट संग्रहित पानी धाराबाट वितरण गरिने प्रणालीको भरमा छन् । बर्दिबासकै ६, ७, ९, १२ र १३ का बस्तीमा भने धारा चलनमा रहे पनि इनार खानेपानीको मुख्य स्रोत रहँदै आएको छ । यसैगरी गौशालाका १, ३, ४, ५ ८, १०, ११ र १२ नम्बर वडाका बस्ती यस्तै संग्रहित पानी धाराबाट वितरण हुँदै आएका बस्ती हुन् । गौशालाका २, ६, ७ र ९ नम्बर वडाबस्तीमा खानेपानीका लागि धेरैजसो चापाकल प्रयोगमा छन् । यसैगरी भंगाहाका ३, ४ र ५ नम्बर वडाबस्तीमा खानेपानीका स्रोत इनार र चापाकल छन् । गर्मी चढ्दै गएसँगै यी पानीका स्रोतका मुहान सुक्दै गएपछि यहाँ पानीको अभाव बढ्ने गरेको छ । यो क्रम असारमा राम्रो वर्षा नहुञ्जेल रहने यस भेगका बासिन्दा बताउँछन् ।

लामो खडेरी पर्दा जिल्लाको उत्तरीक्षेत्र मात्र नभएर सुदूर दक्षिणी भेगको जिल्ला सदरमुकाम जलेश्वर नगर क्षेत्रमा पनि खानेपानीको हाहाकार पर्ने गरेको छ । गत वर्ष जलेश्वरमा बाहिरबाट टयांकरमा पानी ओसार्नु परेको जलेश्वर–१ का बासिन्दा सुधीर साह सम्झन्छन् । दुई वर्षअघि जलेश्वर नगरपालिकाका १२ वडामध्येका अधिकांश बस्तीमा खानेपानीको हाहाकार परेको नगरबासी सम्झन्छन् ।

पानीको दुःख चुरे पहाडी काछका बासिन्दाले पनि बर्सेनि भोग्दै आएका छन् । महोत्तरीको पूरै चुरे क्षेत्र बर्दिबास नगरपालिकामा पर्छ । यी काछबस्तीमा खानेपानीको मुख्य स्रोत जरुवाका मुहान सुक्दै गएपछि समस्या बढेको काछबासी बताउँछन् । चुरे पहाडी काछमा बर्दिबास नगरपालिका–३, ४, ५, १० र ११ नं वडाका ३० भन्दा बढी बस्ती छन् । पाखा बस्तीका सबैको गर्मीयाममा खानेपानी संकट झेल्नु समान पीडा बनेको छ ।

'एक दशकअघिसम्म यहाँका जरुवा कहिल्यै सुक्दैनथे, पछिल्ला केही वर्षयता नदी, पाखा र बगर पर्ती जग्गामा बालुवा ढुंगा झिक्न ठूलठूला यन्त्र चल्न थालेपछि मुहान सुक्दै गएका हुन्,' बर्दिबास–११ खयरमाराका सामाजिक अगुवा ७५ वर्षीय चन्द्रलाल गौतम भन्छन्, 'वन उजाडिँदै जानु र अवैध उत्खनन् नियन्त्रण हुन नसक्दा पानीका मुहान चाँडै सुक्ने गरेका हुन् ।' अब सरकारले पानीका स्रोतको मुख्य मुहान चुरेको संरक्षण गर्न तत्काल ठोस पहलकदमी बढाउन पर्ने उनको भनाइ छ । 'सरकारले जलाधार क्षेत्रको संरक्षण र वन क्षेत्रमा पानी पुनर्भरणका पोखरीहरू बनाउन सके अहिले भोग्दै आइएको समस्या धेरै घट्छजस्तो लाग्छ,' गौतमको सरकारलाई सुझाव छ ।

यसपालि राम्ररी हिउँदे वर्षा नभएको, नदी क्षेत्रमा बालुवा, ढुंगा उत्खनन् गर्नेहरूले ठूल्ठूला गहिरा खाल्डा बनाएका र चुरे क्षेत्रका जलाधार क्षेत्र धमाधम पुरिँदै जाँदा नदी र खोल्साखोल्सी सुक्दै गएका छन् । यसैगरी इनार र चापाकलमा पानीको सतह गहिरिँदै गएर चैत नसकिँदै खानेपानीको अभाव हुन लागेको चुरे तथा जलाधार विज्ञको भनाइ छ । 'मधेसमा पानीको स्रोतको मुख्य मुहान चुरे नै हो,' चुरे विज्ञ जिल्लाकै भंगाहा–७ मेघरोलका बासिन्दा डा. विजयकुमार सिंह भन्छन्, 'यो मुख्य स्रोतको संरक्षणमा तीनै तहका सरकारको समन्वयात्मक पहलकदमी आवश्यक छ ।' तर यो काम सरकारका प्राथमिकतामा नपर्दा दिनदिनै पानीको संकट झनझन गहिरिँदै गएको उनको ठम्याइ छ । यसमा संघीय र प्रदेश सरकारभन्दा स्थानीय सरकारको तदारुखता बढी व्यावहारिक र उपलब्धिमूलक हुने डा. सिंह बताउँछन् ।

'विकास निर्माणका योजना र पूर्वाधार विकासका कतिपय योजना चुरे र वन क्षेत्रको भौगोलिक अवस्थाको ख्याल नगरी बनिदा छन्, चुरेको माटो अत्यन्त खुकुलो छ, यहाँ सडक, पुलपुलेसा बनाउन ढिस्का झार्न यान्त्रिक उपकरण प्रयोग गरिन्छन्,' डा. सिंह भन्छन्, 'यसले बर्सेनि पहिरो खस्ने र गेग्यानले पानीका मुहान पुरिँदै गएका छन् ।' यसबाहेक विश्वव्यापी जलवायु परिवर्तनको असरले सन्तुलित वर्षामा प्रतिकूल प्रभाव पारेको उनको भनाइ छ । यो असरलाई भने यसकै अनुकूलन हुनेगरी सकारात्मक अभ्यासमा जानुपर्ने डा. सिंहको सुझाव छ ।

खासमा स्थानीय तहहरूले प्राकृतिक सम्पदाको उपयोग नीति स्पष्ट नपारेसम्म समस्या समाधान हुन नसक्ने विज्ञ बताउँछन् । चुरे पहाड, जलाधार क्षेत्र र वनक्षेत्रको संरक्षण, वनक्षेत्र र पर्ती जग्गामा पुनर्भरण पोखरी निर्माण र चुरेबाट निस्कने खोल्साखोल्सीबाट बग्ने गेग्यान व्यवस्थापनको मुख्य नेतृत्व स्थानीय तहले लिएर प्रदेश र संघीय सरकारसँग समन्वयमा काम बढाउनसके क्रमशः अवस्थामा सुधार हुँदै जाने चुरे तथा जलाधार क्षेत्रको संरक्षणमा लामो अनुभव सँगाल्नु भएका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिबासका अध्यक्ष चुरेविज्ञ नागदेव यादव बताउँछन् । *रासस*



**भक्तजनको घुइँचो** | दाङको घोराही उपमहानगरपालिका–१८ अम्बापुरस्थित अम्बिकेश्वरी मन्दिरमा मंगलबार नयाँ वर्षको अवसरमा पूजापाठ गर्न पुगेका भक्तजनको घुइँचो । *तस्बिरः रासस*

# फरक क्षमता भएका बालबालिकाको स्याहारमा समस्या

**टीकापुर–** फरक क्षमता (अपांगता) भएका बालबालिका स्याहारमा अभिभावकलाई कठिन हुने गरेको छ । अपांगता भएका बालबालिकालाई स्याहारमा विशेष ध्यान र समय दिनुपर्दा अभिभावकको व्यक्तिगत जीवनमा पनि प्रभाव परेको बताएका छन् ।

टीकापुर नगरपालिका–१ वनगाउँकी जगतमाया शाहीकी छोरी जन्मजातै अपांग छिन् । १९ वर्षीया छोरी जन्मेदेखि नै हलचल गर्न नसक्ने भएपछि जगतमायाको परिवारले नेपाल र भारतका धेरै अस्पतालमा उपचार गराए । छोरीको देब्रे हात अलिअलि चल्छ, त्यसबाहेक शरीर नचल्ने भएपछि जगतमाया छोरीकै स्याहारमा लागेका छन् । 'म पढेलेखेकी छु, जागिर खान सक्थे तर छोरी स्याहार्नुपर्ने बाध्यताले केही नगरी बसेकी छु,' उनी भन्छिन्, 'छोरी शारीरिक रूपमामात्र होइन मानसिकरूपमा पनि अशक्त भएपछि स्याहारसुसारमा समस्या छ । मलाई उनको अवस्था, भविष्यको चिन्ताले साह्रै पीर लाग्छ ।'

जगतमाया आफू हुञ्जेल त छोरी सुरक्षित रहेको, आफू नभए कसले स्याहार्ला भन्ने चिन्ता लाग्ने गरेको बताउँछिन् । 'दुई कक्षासम्म पढेकी छिन्, सानो हुँदा बोकेर विद्यालय पुऱ्याएपछि बोक्न गाह्रो हुँदा विद्यालय पढाउन सकिएन,' उनी भन्छिन्, 'विद्यालय पनि समावेशी छैनन्, विशेष शिक्षक, विशेष सामग्री र पहुँचयुक्त पूर्वाधार नहुँदा छोरीजस्ता बालबालिकाले शिक्षा पाएका छैनन् ।'

अपांगता भएका बालकको तुलनामा बालिकालाई स्याहार्न कठिन छ । छोरीहरू महिनावारी हुने हुँदा सरसफाइलगायतका काममा अझ समस्या हुने गरेको उनको भनाइ छ ।

टीकापुरकै अर्का बालक मनोज विकको समस्या पनि यस्तै छ । तल्लो शरीर नचल्ने यी बालकले कक्षा १२ सम्म पढेका छन् । सानो हुँदा आमाले बोकेर विद्यालय गएका यी बालक जब वयस्क हुँदै गए आमाले विद्यालय लैजान सकिनन् । 'कक्षा १० पढ्दासम्म आमा र बुबाले पालैपालो विद्यालय लैजानुहुन्थ्यो,' मनोज भन्छन्, 'त्यसपछि मेरो शारीरिक तौल बढ्दै गयो, मलाई विद्यालय लैजान उनीहरूलाई पनि कठिन हुन थाल्यो । कक्षा ११, १२ घरमै स्वअध्ययन गरेर परीक्षा दिएँ, त्यसपछि मैले पढाइ छोडें, त्यसमाथि पढ्ने चाहना छ तर परीक्षालगायतका विभिन्न काममा क्याम्पस जान आउन कठिन छ ।'

अपांगता भएका बालबालिका स्याहार्न अभिभावकलाई कठिन छ । विभिन्न संघसंस्थाको सहयोगमा स्थानीय पालिकाहरूले उपलब्ध गराएका सहायता सामग्रीले अभिभावक र अपांगता भएकालाई केही राहत भने हुने गरेको छ । कैलालीका स्थानीय पालिकाले संघसंस्थाको सहयोगमा अपांगता भएकालाई सहायता सामग्री वितरण गर्दै आएका छन् । सहायता सामग्री धेरै नटिक्ने र लामो समयसम्म प्रयोग गर्दा बिग्रिएमा मर्मत गर्न भने समस्या हुने गरेको छ ।

जोशीपुर–६ लोखरीका टीकाराम डगौरा २१ वर्षको भए । टीकाराम वीरेन्द्र विद्या मन्दिर मावि टीकापुरमा कक्षा ११ मा अध्ययनरत छन् । उनी भाइसँग टीकापुरमा डेरा भाडामा बसेर पढिरहेका छन् । जन्मजात नै तल्लो शरीर नचल्ने समस्या भएका टीकारामले धेरै काम आफैंले गर्छन् । टीकारामलाई पनि एकमात्र भएको ह्विलचेयर बिग्रँदा मर्मत गर्न, विद्यालय नियमित जान भने समस्या हुन्छ । 'संस्थाको सहयोगमा वडा कार्यालयले सहायता सामग्री दिएको हो, यो समय समयमा बिग्रन्छ, यो बिग्रिएमा मलाई विद्यालय जान समस्या हुन्छ,' उनले भने, 'विद्यालय जाँदा बाटो धेरै अप्ठ्यारो छ । साथीहरूले सहयोग गरेमामात्र विद्यालयसम्म पुग्न सकिन्छ ।'

टीकापुर नगरपालिकामा एक हजार १९९ जनाले अपांगता परिचयपत्र बनाएका छन् । अपांगता भएकालाई चार वर्गमा विभाजन गरेर परिचयपत्र उपलब्ध गराउने गरेको छ । जसमा क र ख वर्गको परिचयपत्र भएकाले सामाजिक सुरक्षा भत्ता पाउने गरेका छन् । पालिकामा क वर्गका १२८, ख वर्गका ५८५, ग वर्गका २९२, घ वर्गका १९४ जना नागरिक छन् । पालिकाले २०७६ सालबाट अपांगता परिचयपत्र वितरण थालेको हो ।

पालिकाले अपांगता भएका सहायता सामग्री आवश्यक भएका नागरिकका लागि संघसंस्थासँग समन्वय गरेर उपलब्ध गराउने गरेको छ । पालिकाले यसै वर्ष २५ वर्षमुनिका २९ जना विद्यालय जाने बालबालिकालाई सहायता सामग्री वितरण गरेको महिला बालबालिका तथा समाजकल्याण शाखा प्रमुख संगीता शाह बताउँछिन् । 'पालिकाले थप आवश्यक नागरिकलाई पनि सहायता सामग्री वितरणको तयारी गरेको छ,' उनी भन्छिन्, 'सहायता सामग्री बाटोघाटोका कारण चाँडै बिग्रने समस्या भइरहन्छ । बिग्रिएमा मर्मतको समस्या भएकाले सामग्री धेरै समय टिकाउ नहुने समस्या छ ।' उनका अनुसार अपांगता भएका बालबालिकामा बालिकाहरू स्याहारमा बढी समस्या रहेको छ । बालिकालाई स्याहारमा परिवारलाई पनि कठिन हुने, छोरीहरूको सुरक्षामासमेत चुनौती रहेको छ । *रासस*

# ढोरपाटनमा पहिलोपटक हिउँचितुवा गणना गरिँदै

**बागलुङ (प्रस)–** मुलुकको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पहिलोपटक हिउँचितुवा गणना गरिने भएको छ ।

नाउर र झारलको वैधानिक सिकार गरिने ढोरपाटन सिकार आरक्षको उच्च हिमाली भेगमा हिउँ चितुवा पाइने भए पनि हालसम्म गणना गरिएको थिएन । हिउँचितुवा गणनाका लागि गणकलाई तालिम दिने तयारी गरिएको आरक्षका रेञ्जर सागर सुवेदीले जानकारी दिए ।

सुवेदीका अनुसार गणनामा आरक्षका कर्मचारी, तालिम प्राप्त गणक तथा स्थानीयको सहभागिता रहने छ । हिउँ चितुवा गणनाका लागि उच्च पहाडी भेगमा रहेका सिकार ब्लकमा ५६ क्यामरा जडान गरिने छ । 'पहिलोपटक हिउँ चितुवाको अवस्था पत्ता लगाउन लागेका छौं, करिब १० जना गणकहरू ४५ दिनसम्म क्यामरा राख्दै, प्रत्यक्ष फोटो तथा भिडियो खिच्दै र चितुवाको पाइला तथा दिसा संकलन गरी गणनाको प्रतिवेदन तयार पारिने छ,' सुवेदीले भने, 'क्यामराले कैद गरेका तस्बिर र अन्य स्थलगत प्रमाणहरूका आधारमा हिउँ चितुवाको संख्या पत्ता लाग्छ । आगामी वर्ष भने यहाँका नाउर र झारल गणना गरिने छ ।'

यस आरक्षको चार हजार मिटरदेखि सात हजार मिटरभन्दा माथिसम्म हिउँ चितुवाको बासस्थान रहेको छ । एक हजार ३२५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको आरक्षको मुख्यालय बागलुङमा रहे पनि म्याग्दी र रुकुमसम्म फैलिएको छ । आरक्षका विभिन्न सिकार ब्लकमध्ये सेङ, सुनदह, दोगाडी, घुस्तुङ, बार्से र फागुने ब्लकमा हिउँ चितुवा गणना गर्ने तयारी आरक्षले गरेको छ ।

रेञ्जर सुवेदीका अनुसार हिउँचितुवा हिँड्ने सम्भावित बाटो, चट्टान, घारी र पास क्षेत्रमा स्वचालित क्यामेरा राखेर फोटो कैद गरी फोटोका आधारमा शरीरको धब्बा मिलाएर छुट्टाछुट्टै चितुवाको पहिचान गरिने छ । हिउँ चितुवाको दिसा संकलन गरेर प्रयोगशालामा परीक्षण गरिने र पदचाप तथा संकेत सर्वेक्षण पाइलाका आधारमासमेत गणना गरिने जनाइएको छ । यस आरक्षमा २०७९ सालको गणनाअनुसार एक हजार २९० नाउर र ७४४ झारल भेटिएका थिए ।


**Ganeshmansingh Academy**
**Technical and Vocational School**
**Jhiljhile, Jhapa**

**Invitation for Sealed Quotation**

**Name of Project: Procurement of Laptop, Printer, Projector, Books, Furniture, Lab equipment, CC Camera and so on.**
**Sealed Quotation No: 01/GMS/SQ/Goods/2082/083**
**Date of first Publication: 2083/01/02**

1. The Ganeshmansingh Academy Technical and Vocational School invites sealed quotations from registered Suppliers for the supply, delivery of following items under National Competitive Bidding Procedure.

| Contract Identification No | Name of Procurement | Bid Document Fee (NRs.) | Bid Security (NRs) |
|---|---|---|---|
| 01/GMS/SQ/ Goods/2082/083 | Procurement of Laptop, Printer, Projector, Books, Furniture, Lab equipment, CC Camera and So on. | 1,000.00 | 30,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office.
3. A complete set of Bidding Documents may be purchased from the Office of Ganeshmansingh Academy Technical and Vocational School, by eligible bidders on the submission of written application along with the copy of company/firm registration certificate, VAT/PAN registration certificate, Tax clearance of FY 2081/082 and upon payment of a non-refundable fee as stated above in bullet no 1 or by deposition of same amount at
Name of the Bank: **Prime Bank Limited**
Name of the Account: **ganesh man singh academy technical and vocational school**
Office Account no.: **0940100000047400115 till 2083/01/16) during office hour.**
4. Sealed bids must be submitted by hand to the Office of Ganeshmansingh Academy Technical and Vocational School, Jhapa Nepal before on 12.00 P.M. on 2083/01/17. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2.00 P.M. on 2083/01/17 at the office of Ganeshmansingh Academy Technical and Vocational School, Jhapa.
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bid should comply in all respects with the instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
8. All the other condition of bidding process will be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
9. Ganeshmansingh Academy Technical and Vocational School reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Ganeshmansingh Academy Technical and Vocational School**

फर्केर हेर्दा

# वर्ष २०८२ मा नेपाली खेलकुद






❑ राजु सिलवाल

२०८२ सालमा नेपालको खेलकुद गतिविधि उपलब्धिका हिसाबले समग्रमा मिश्रित खालक रह्यो । एक वर्षको अवधिमा नेपालको सहभागिता विश्वस्तरीयदेखि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा उल्लेख्यरूपमा भएको थियो । यस क्रममा केही अन्तर्राष्ट्रिय पदक भित्र्याउन नेपाली खेलाडी सफल भए । मुलुकभित्र आयोजित विविध खेलकुद प्रतियोगिताले खेलकुद क्षेत्रलाई व्यस्त बनायो ।

यस्तै खेलकुदलाई व्यावसायिकतातर्फ जोड्ने काममा पनि यस वर्ष केही उल्लेखनीय प्रयास भएका छन् । यद्यपि, यो वर्ष नेपाल ओलम्पिक कमिटीमा तालाबन्दी, अखिल नेपाल फुटबल संघ (एन्फा)को निलम्बनजस्ता कार्यले नियमित खेलकुद गतिविधिमा अवरोध पुग्न गएको छ ।

## खेलाडी पनि सांसद

२०८२ सालको अन्तितिर नेपालको खेलकुद जगतले आफ्ना दुई सदस्यलाई संघीय संसद्को विधायकको रूपमा प्राप्त गर्‍यो । प्रतिनिधिसभाको निर्वाचनमा नुवाकोट क्षेत्र नं २ बाट निर्वाचित सांसद डा. अच्चुतम लामिछाने पूर्वताइक्वाण्डो खेलाडी हुन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद डा. लामिछानेले दक्षिण कोरियाबाट खेलकुद विज्ञानमा विद्यावारिधि (पिएचडी) उपाधि हासिल गरेका थिए । उनले राष्ट्रिय खेलकुद परिषद्मा खेलकुद विज्ञान विज्ञका रूपमासमेत काम गरिसकेका छन् । सन् २०२४ मा माल्दिभ्समा भएको १५औं विश्व बडी बिल्डिङ च्याम्पियनसिपमा रजत पदक जित्न सफल खेलाडी रजनी श्रेष्ठ प्रतिनिधिसभामा सांसद बनेकी छन् । उनी पनि रास्वपाको समानुपातिकतर्फ सांसद पदमा निर्वाचित भएकी हुन् । उनले सन् २०२३ मा ५५औं एसियन बडी बिल्डिङ च्याम्पियनसिपमा स्वर्ण पदकका साथै अन्य विभिन्न प्रतियोगितामा मुलुकका लागि पदक जितिसकेकी छन् । यसरी खेलकुद बुझेका व्यक्ति नै सांसद बनेपछि अब संसद्मा खेलाडीका मुद्दा उठाउन सहज भएको महसुस गरिएको छ ।

## क्रिकेटको कमाल

नेपालको खेलकुदको आधिकारिक संस्था राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत सयौं खेलका संघ भए पनि केही वर्षयता क्रिकेटले अन्य खेलका संघलाई उछिन्दै आइरहेको छ । नेपाली क्रिकेट खेलाडीका लागि २०८२ साल अत्यन्त व्यस्त वर्षका रूपमा बित्यो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको सहभागितामा व्यस्त रहेका नेपाली क्रिकेट खेलाडीहरूले यसपालि तेस्रोपटक 'टी ट्वाण्टी' विश्वकपमा सहभागिता जनाउनुलाई वर्षकै महत्त्वपूर्ण उपलब्धि मानिएको छ । नेपालले विश्वकपमा समग्रमा सुखद नतिजा हासिल गर्न नसके पनि विभिन्न खेलमा उचित मुकाबिला गर्न पछि नपरेको महसुस गरिएको थियो ।

नेपाली क्रिकेट टोलीका केही खेलाडीले व्यक्तिगतरूपमा उल्लेखनीय खेल प्रदर्शन गरेका थिए । तीन खेलमा हारेर प्रतियोगिताबाट बाहिरिसकेको नेपाली टिमले स्कटल्याण्डलाई सात विकेटले पराजित गरेर निरास भएका क्रिकेट प्रेमीहरूलाई पुनः उत्साहित बनाएको थियो । स्कटल्याण्डविरुद्ध विष्फोटक ब्याटिङ गरेर दिपेन्द्रसिंह ऐरीले मुलुककै लागि पहिलोपटक विश्वकपमा म्यानअफ दि म्याच पुरस्कार पाएका थिए । यसअघि विश्वकपको पहिलो खेलमै नेपाली टोली क्रिकेटको जन्मदाता तथा दुईपटक विश्वविजेता बनिसकेको इंग्ल्याण्डलाई कडा चुनौती दिँदै चार रनको अन्तरले मात्र पराजित भएको थियो । त्यो ऐतिहासिक खेलले क्रिकेटप्रेमी दर्शकहरूको मन जितेको थियो । उक्त खेलमा नेपाली खेलाडीहरूको उच्च मनोबलको अन्तर्राष्ट्रिय टेलिभिजन प्रत्यक्ष प्रसारणका कमेण्टेटरहरूले खुलेरै प्रशंसा गरेका थिए ।

नेपाली टिमले यस वर्ष विश्वमै शक्तिशाली टिमको रूपमा परिचय बनाएको वेस्ट इण्डिजलाई 'टी ट्वाण्टी' त्रि-दिवसीय क्रिकेट शृंखलामा पराजित गरेर उपाधि हात पार्नुलाई पनि महत्त्वपूर्ण उपलब्धि मानिएको छ । संयुक्त अरब इमिरेटसको सारजहाँमा भएको उक्त शृंखलामा नेपालले तीनमध्ये दुई खेल जितेको थियो । यसबाहेक अन्य विभिन्न मुलुकका टिमसँग भएको जित पनि प्रशंसनीय छ ।

## करोडौं कमाइ

नेपालमा व्यावसायिक खेलको विकासका लागि महत्त्वपूर्ण माध्यमका रूपमा छोटै समयमा स्थापित हुन सफल नेपाल प्रिमियर लिग एनपिएल क्रिकेटको दोस्रो संस्करणमा नेपाल क्रिकेट संघ क्यानले ४७ करोड ३६ लाख रूपैयाँभन्दा बढी आम्दानी गर्नुलाई नेपालमा क्रिकेटको बढ्दो लोकप्रियतासँग तुलना गर्न सकिन्छ । निजी क्षेत्रको करोडौं लगानीमा बनाइएका फ्रेञ्चाइज टिमहरूमा स्वदेश तथा विदेशका खेलाडीहरूको एकसाथ सहभागिता सो प्रतियोगिताको विशेषता रहेको थियो ।

एनपिएलमा सहभागी प्रत्येक टिमले ठूलो लगानी गरी विश्व क्रिकेट जगतमा आफ्नो पहिचान बनाइसकेका खेलाडीहरूलाई भित्र्याएका थिए । स्वदेशी खेलाडीहरूले समेत लाखौं रूपैयाँ पारिश्रमिक लिएर खेल्ने मौका पाएका थिए । यस्तो व्यावसायिक अभ्यास फुटबल, भलिबल, कबड्डीजस्ता खेलमासमेत हुँदै गएका छन् । आगामी दिनमा बढाउँदै अन्य खेलमासमेत यस्तो व्यावसायिक अभ्यास विस्तार गर्न सकिएको खण्डमा नेपालमा खेलेर बाँच्न सकिने अवस्थाको सिर्जना गर्न केही हदसम्म कम गर्न सहयोग पुग्न जाने छ । यसले आगामी दिनमा खेलाडीहरू रोजगारका लागि विदेसिने क्रम कम गर्न सहयोग गर्ने अपेक्षा गर्न सकिन्छ । २१ करोड रूपैयाँभन्दा बढी खर्च भएको एनपिएल क्रिकेटबाट मात्र क्यानलाई नौ करोड रूपैयाँभन्दा बढी बचत गर्ने मौका मिलेको छ ।

## पूर्वाधार तयार

काठमाडौंको कीर्तिपुरस्थित क्रिकेट रंगशालाको स्तरोन्नति पनि यस वर्षको खेलकुदको उपलब्धि मानिएको छ । यसबाट मैदानस्तरीय हुनुका साथै दर्शकहरूको सिट क्षमतासमेत बढ्न गएको छ । राति पनि फ्लडलाइटको प्रकाशमा क्रिकेट प्रतियोगिता सञ्चालन हुनु अर्को ऐतिहासिक काम भएको छ ।

नेपालमा अब अन्तर्राष्ट्रियस्तरका क्रिकेट प्रतियोगिता राति पनि सञ्चालन गर्न सम्भव भएपछि आगामी दिनमा नेपाल अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजनाका लागि उपयुक्त स्थलका रूपमा विकास हुँदै जाने अपेक्षा गरिएको छ । दशौं हजार दर्शकलाई बस्ने सिटको व्यवस्था हुनुले धुले चौरमा बसेर क्रिकेट हेर्ने बानी परेका नेपाली दर्शकहरूलाई निकै राहत मिलेको छ । मूलपानीमा बनाइएको क्रिकेट मैदानमा पनि अन्तर्राष्ट्रिय प्रतियोगिताहरू बेलाबखत भइरहेका छन् ।

## महिलाको सफलता

नेपाली महिला क्रिकेट टोलीले पनि २०८२ सालमा आफूलाई सशक्त टिमका रूपमा प्रस्तुत गरेको थियो । महिला टोलीले पहिलोपटक टि-ट्वाण्टी विश्वकप प्रवेशका लागि छनोट प्रतियोगितामा सफलता भने हात पर्न नसके पनि दाबेदारी प्रस्तुत गरेको थियो । महिला क्रिकेट टोली थाइल्याण्डको बैंककमा सन् २०२५ को मे महिनामा भएको एसियाली छनोटमार्फत शीर्ष दुईमा आफ्नो स्थान सुरक्षित गर्न सफल भएको थियो । त्यतिखेर उपविजेता बनेको नेपालले संयुक्त अरब इमिरेटस्लाई पराजित गर्दै विश्वव्यापी छनोटमा आफ्नो स्थान सुरक्षित गरेको थियो ।

नेपाली महिला टोलीले टि-ट्वाण्टी अन्तर ाष्ट्रिय शृंखलामा मलेसियालाई उनीहरूकै गृहमैदानमा पराजित गरेर उपाधि जित्न सफल भएको थियो । प्रतियोगितामा सञ्चालन गरिएका पाँच खेलमध्ये नेपालले तीन खेल जितेर उपाधि कब्जामा लिएको थियो ।

## नेत्रहीन पनि अगाडि

नेपालका नेत्रहीन खेलाडीहरूले क्रिकेटमा छोटै अवधिमा उल्लेखनीय प्रगति गरेका छन् । पुरुष नेत्रहीन खेलाडीहरूले केही वर्षअघि नै विश्वकपसम्म प्रतिस्पर्धा गरिसकेका छन् । नेपाली महिला टोलीले भारत तथा श्रीलंकामा यसै वर्ष भएको पहिलो नेत्रहीन महिला टि-ट्वाण्टी क्रिकेट विश्वकपमा उपविजेता बनेर ऐतिहासिक उपलब्धि हासिल गरेको थियो । नेपाल फाइनलमा भारतसँग सात विकेटले पराजित भएको थियो । कप्तान गीता पौडेलको नेतृत्वमा रहेको उक्त टिमलाई नेपाल क्रिकेट संघले १० लाख रूपैयाँ पुरस्कार प्रदान गरेर प्रोत्साहित गरेको थियो । यस्तै काठमाडौं महानगरपालिकाले टिमका खेलाडीहरूलाई जनही एक लाख पुरस्कार प्रदान गरेको थियो ।

"

२०८२ सालमा नेपाली खेलकुदले सामना गरेका कमी कमजोरीलाई नयाँ वर्ष २०८३ मा सुधार गर्दै विगतका दोहोरिन नदिन नेपालको खेलकुदको जिम्मेवार निकायहरु प्रयत्नशील हुनुपर्ने देखिएको छ । खेलकुदमा राजनीति हुनु हुँदैन । यसका हरेक गतिविधि पारदर्शी ढंगबाट अघि बढनुपर्छ । दूरगामी सोचविना खेलकुदको समग्र विकास सम्भव नभएकाले यसलाई स्कूलस्तरदेखि नै जोड्न सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

## करातेमा कीर्तिमान

नेपाली कराते खेलाडीहरूमध्ये सबैभन्दा सफल मानिएकी खेलाडी एरिका गुरुङको दोस्रोपटक विश्वस्तरीय प्रतियोगितामा रजत पदक प्राप्तिबाट २०८२ सालको सुखद अन्त्य हुन पुग्यो । चीनको सिचुवान प्रान्तमा भएको वर्ल्ड कराते फेडेरेसन डब्लु के एफ कराते वान प्रिमियर लिगमा उनले दोस्रोपटक रजत पदक पाएकी थिइन् । काजकिस्तानकी सोफिया बेरुल्तसेभासँग भएको फाइनल प्रतिस्पर्धात्मक भिडन्तमा झिनो अन्तरले एरिकाको पराजय भएको थियो । यसअघि टर्कीको इस्तानबुलमा पनि एरिका सोही प्रतियोगिताको फाइनलमा उही खेलाडीसँग पराजित भएर रजत पदकमा सीमित हुनुपरेको थियो । नेपाली कराते खेलाडी एरिका गुरुङले मुलुकलाई केही वर्षदेखि विभिन्न महत्त्वपूर्ण पदक दिलाउँदै आफूलाई अब्बल कराते खेलाडीका रूपमा प्रस्तुत गर्दै आइरहेकी छन् । प्रशिक्षक कुशल श्रेष्ठको प्रशिक्षणमा एरिकाले तीन वर्षको अवधिमै विभिन्न महत्त्वपूर्ण अन्तर्राष्ट्रिय पदक जितिसकेकी छन् ।

एरिकाले २०८२ सालमा लगातार जितेको रजत पदक नेपालले कराते खेलमा हालसम्म जितेको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय उपाधि मानिएको छ । अस्ट्रेलियन ओपन करातेजस्तो प्रतिष्ठित प्रतियोगितामासमेत स्वर्ण पदक जित्न सफल एरिकाले सन् २०२३ मा चीनको हान्झाउमा भएको एसियाली खेलकुदमा रजत पदक जितेर एसियाली खेलकुदमा रजत पदक जित्ने पहिलो नेपाली कराते खेलाडी बन्न सफल भएकी थिइन् । अन्य केही कराते खेलाडीले पनि यसपालि स्वदेशमा पदक भित्र्याएकी थिइन् ।

## ताइक्वाण्डोमा सम्मानित

नेपालका ताइक्वाण्डो प्रशिक्षकलाई विश्वस्तरमै सम्मानित गरिएको प्रसंग पनि उल्लेखनीय मानिएको छ । संयुक्त अरब इमिरेटसमा आयोजित विश्व ताइक्वाण्डो गला अवार्डस्मा नेपाली प्रशिक्षक कविराज नेगी लामालाई पारा ताइक्वाण्डो 'कोच अफ दि इयर सन २०२५' द्वारा सम्मानित गरिएको थियो । प्रशिक्षक लामाकै प्रशिक्षणमा नेपाली खेलाडी पलेशा गोवर्द्धनले पेरिसमा सन् २०२४ मा नेपालको लागि पहिलो पारा ओलम्पिक पदक जितेकी थिइन् । उनकै प्रशिक्षणमा नेपाली खेलाडी रेणु तामाङले सन् २०२५ मा दुबईमा आयोजित युथ एसियन पारा खेलकुदमा कास्य पदक पाएकी थिइन् । वैदेशिक प्रतिस्पर्धामा ताइक्वाण्डोमा यस वर्ष पनि केही पदक प्राप्त भएका थिए ।

## बक्सिङको महत्त्वपूर्ण पदक

विश्व बक्सिङ च्याम्पियनसिपमा नेपालले यसै वर्ष पहिलोपटक पदक जित्न सफल भएको थियो । नेपालले सन् १९६४ मा पहिलोपटक ओलम्पिकमा बक्सिङ तथा एथलेटिक्समा भाग लिएर सहभागिता प्रारम्भ गरेको थियो । नेपालले विश्व बक्सिङ च्याम्पियनसिपमा पनि यसअघि विभिन्न पटक सहभागिता जनाइसकेको छ । तर यस वर्ष नेपालले पदक जित्नु सानो उपलब्धि होइन । संयुक्त अरब इमिरेटसमा भएको आइवा पुरुष विश्व च्याम्पियनसिप बक्सिङमा नेपालका मुक्केबाज चन्द्रबहादुर थापाले पहिलोपटक कास्य पदक जित्न सफल भएका थिए । ५४ केजी तौल समूहमा मुक्केबाज थापाले अर्मेनिया, इण्डोनेसिया र इरानका खेलाडीलाई पराजित गर्दै कास्य पदकको हकदार बनेका थिए । विश्व वरीयतामा सातौं स्थानमा रहेका कजाकस्तानका खेलाडीसँग उनी पराजित भएका थिए ।

## ४१ वटा विश्वस्तरीय पदक

वि.सं. २०८२ मा नेपालले पहिलोपटक विश्वस्तरीय प्रतियोगितामा अत्यधिक पदक जितेर कीर्तिमान कायम गरेको थियो । श्रीलंकामा भएको विश्व पावरलिफ्टिङ च्याम्पियनसिपमा नेपालको तर्फबाट भाग लिएका पुरुष तथा महिला खेलाडीहरूले कूल ४१ वटा पदक जितेर ऐतिहासिक उपलब्धि हासिल गरेको मान्न सकिन्छ । यसमा २६ स्वर्ण, १० रजत तथा पाँच कास्य पदक थिए । नेपाली खेलाडीहरूमध्ये डा. जीतेन्द्रकुमार साह र तथा भेषकुमारी अस्लामीले दोहोरो स्वर्ण पदक जितेका थिए ।

यस प्रतियोगितामा नेपाली महिला तथा पुरुष दुवै टोली उत्कृष्ट टोली बन्न सफल भएको थियो । प्रतियोगिताका महिला सहभागीहरूमध्ये नेपालको प्रतिनिधित्व गरेकी शर्मिला शाह सिनियरतर्फ तथा कल्पना खत्री जुनियरतर्फ बेस्ट लिफ्टर बन्न सफल हुनु मुलुकको खेलकुदका लागि गौरवमय क्षण थियो । यसबाहेक अन्य केही खेलमा पनि नेपाली खेलाडीहरूले अन्तर्राष्ट्रिय सफलता प्राप्त गरेका छन् ।

## फुटबलमा झेल

२०८२ साल नेपाली फुटबलमा खासै उपलब्धि हासिल हुन नसके पनि नेपाली फुटबल क्षेत्रमा देखिएको आपसी विवाद चर्चामा भने रह्यो । अखिल नेपाल फुटबल संघ (एन्फा) तथा एन्फामा आबद्ध विभिन्न फुटबल क्लबबीचको मनोमालिन्यले फुटबल गतिविधि सञ्चालन हुन पाएन । एन्फाको वर्तमान कार्यसमितिको पदावधि समाप्त हुनुभन्दा अगाडि नै गर्न खोजिएको निर्वाचन विवादको जड थियो, जसले एन्फालाई निलम्बनको स्थितिसम्म लगेको थियो । राष्ट्रिय खेलकुद परिषद्ले एन्फालाई तीन महिनाका लागि निलम्बन गरेपछि नेपाललाई फिफाले नै निलम्बन गर्नसक्ने स्थिति सिर्जना हुनु मुलुकको फुटबल विकासका लागि उचित होइन ।

फिफाले एन्फालाई निलम्बन गरेमा नेपालको फुटबल विकासका लागि प्राप्त हुँदै आएको आर्थिक तथा प्राविधिक सहयोगको ढोका पनि बन्द हुन जाने छ । त्यसपछि नेपाल विश्वको फुटबल गतिविधिबाट स्वतः टाढिने सम्भावना आकलन गर्न सकिन्छ, जसको असर दीर्घकालीनरूपमा पर्न जाने निश्चित छ । एन्फाभित्रकै आपसी विवादकै कारण नेपाली महिला राष्ट्रिय फुटबल टोलीले थाइल्याण्डमा आयोजित फिफा सिरिज-२०२६ अन्तर्गत अन्तर्राष्ट्रिय मैत्रीपूर्ण सिरिज खेल्ने अवसर गुमाएको थियो । परिषद् तथा एन्फाबीचको विवाद तथा दशरथ रंगशालाको खराव अवस्थाको कारण एसियाली फुटबल महासंघले एएफसी एसिया कप २०२७ को छनोट खेल नेपालमा नगरी लाओसमा सारेको थियो । यसअघि नेपाल र हङकङबीचको मैत्रीपूर्ण खेल पनि नेपालमा हुन सकेको थिएन ।

## लिग स्थगितपछि अन्योल

नेपालमा लामो समयदेखि सहिद स्मारक लिग फुटबल प्रतियोगिताको आयोजना हुँदै आइरहेको थियो । समग्र मुलुककै फुटबल विकासमा यस्ता महत्त्वपूर्ण प्रतियोगिताको योगदान रहेको छ । धेरै समय अवधिसम्म सञ्चालन हुने यस्ता प्रतियोगितामा खेलाडीहरूले धेरै खेलमा आफ्नो खेल कौशल देखाउने अवसर पाउँछन् । मुलुकमा व्यावसायिक खेलको विकासका लागि यसको योगदानलाई नकार्न सकिँदैन । निजी क्षेत्रका नेपाली फुटबल क्लबहरूले खेलाडीहरूलाई खेलेरै बाच्न सकिने अवस्थाको सिर्जना गर्नु सानो पहल होइन । अझ यसमा विदेशी खेलाडीलाई समेत समेटेर खेलको स्तर बढाउन क्लबहरूले प्रयास गरेका छन् ।

नेपालमा अझैसम्म खेलकुदमा लगानीका लागि उपयुक्त वातावरण नबनिसकेको अवस्थामा साधन र स्रोत जुटाउनु त्यति सहज छैन । पुरुषहरूको लिग फुटबल लामो समयदेखि सञ्चालन हुँदै आएको तथा हाल महिला लिग पनि सुरु हुनु सकारात्मक मान्न सकिन्छ । यस्तो अवस्थामा पुरुष तथा महिला दुवै लिग स्थगित हुनु उचित होइन । एन्फाले प्राविधिक कारण देखाउँदै लिग स्थगित गरेसँगै लिगमा खेलिरहेका विदेशी खेलाडीहरूको सहभागिता सम्बन्धमा अध्यागमन विभागले चालेको कदमले पनि क्लबहरू अन्योलमा परेका छन् । कुनै पनि विदेशी खेलाडीहरूलाई श्रम स्वीकृतिविना राष्ट्रिय लिगमा खेलाउन नपाइने भएपछि ती खेलाडीहरूको निरन्तरताको समस्या उत्पन्न भएको छ ।

## साम्बाप्रतिको सद्भाव

नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी साम्बाको घुँडामा लागेको गम्भीर चोटको उपचारका लागि फुटबलप्रेमीहरूले देखाएको सद्भाव पनि यो वर्ष चर्चित भयो । साम्बाले आफ्नो उपचारका लागि सहयोग गर्न आग्रह गरेको २४ घण्टाभित्रै मुलुक तथा विभिन्न देशबाट आवश्यक रकम जुटेको थियो । उनको उपचारका लागि नेपाली बैंक खातामा एक करोड रूपैयाँभन्दा बढी रकम तथा विदेशी प्लेटफर्ममा ४५ लाख रूपैयाँ जम्मा भएको थियो । साम्बाले आफू अझ मजबुत भएर फर्किएर नेपाली जर्सीमा देशका लागि जित्ने प्रतिबद्धता व्यक्त गरेकी छन् । साम्बा यसअघि फ्रान्समा स्थानीय क्लबसँग आबद्ध रहेकी थिइन् । नेपाली टिमको नेतृत्व सम्हालिसकेकी एञ्जिला सुब्बा तुम्बापो ग्रिस तथा रेखा पौडेल साउदी अरेबियामा खेलिसकेका छन् । जोर्डनमा व्यावसायिक खेल खेलेर आफ्नो क्लबलाई उपाधि दिलाउन सफल प्रीति राई पछिल्लोपटक कम्बोडियाको क्लबसँग आबद्ध भएकी छन् ।

## ओलम्पिक कमिटीको तालाबन्दी

ललितपुरको सातदोबाटोस्थित नेपाल ओलम्पिक कमिटीको कार्यालयमा लामो अवधिसम्म ताला लगाइएको घटनाले पनि २०८२ सालमा नेपाली खेलकुद जगत्लाई तरंगित गरेको थियो । नेपाली खेलकुदको आधिकारिक निकाय राष्ट्रिय खेलकुद परिषद् तथा अन्तर्राष्ट्रिय खेलकुदमा नेपालको प्रतिनिधित्व गर्ने नेपाल ओलम्पिक कमिटीबीच यसअघि पनि विवाद भएका थिए तर यसपालिको विवादले जापानमा आगामी सेप्टेम्बरमा हुने एसियाली खेलकुदमा नेपालको सहभागिता झण्डै गुमेको थियो । अहिले दुवै पक्षबीच विवाद समाधान भई एसियाली खेलकुदमा नेपालको सहभागिता सुनिश्चित भएको छ । आगामी दिनमा पुनः सम्बन्धित निकायहरूबीच आपसी सदभाव बिग्रन नदिन उचित पहल हुनुपर्ने आवश्यकता छ ।

## रोकिएको राष्ट्रिय खेलकुद

मुलुकमा राष्ट्रिय खेलकुदको सुरुआत भएको चार दशक नाघिसकेको छ । तर प्रत्येक दुई-दुई वर्षमा हुनुपर्ने राष्ट्रिय खेलकुद हालसम्म नवौं संस्करणपछि हुन सकेको छैन । नेपाली खेलकुद इतिहासमा सबैभन्दा बृहत् खेलकुद महोत्सव मानिएको राष्ट्रिय खेलकुदको दशौं संस्करण २०८२ सालमा कर्णाली प्रदेशमा आयोजना गर्ने निश्चित गरिएको थियो । यस प्रकारको बृहत् खेलकुदका लागि सो प्रदेशका विभिन्न जिल्लामा भौतिक पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गरिएको थियो । यसअघि पनि कर्णाली प्रदेशमा निश्चित गरिएको दशौं राष्ट्रिय खेलकुदको मिति सारिएको थियो । यसरी पटक-पटक राष्ट्रिय खेलकुद सारिनाले खेलाडीहरूको सक्रिय खेल जीवनलाई प्रभावित पर्न गएको छ ।

## अन्त्यमा,

२०८२ सालमा नेपाली खेलकुदले सामना गरेका कमी कमजोरीलाई नयाँ वर्ष २०८३ मा सुधार गर्दै विगतका दोहोरिन नदिन नेपालको खेलकुदको जिम्मेवार निकायहरू प्रयत्नशील हुनुपर्ने देखिएको छ । खेलकुदमा राजनीति हुनु हुँदैन । यसका हरेक गतिविधि पारदर्शी ढंगबाट अघि बढनुपर्छ । दूरगामी सोचविना खेलकुदको समग्र विकास सम्भव नभएकाले यसलाई स्कूलस्तरदेखि नै जोड्न सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ । यस्तै ओलम्पिक, एसियाली तथा दक्षिण एसियाली खेलकुदजस्ता महत्त्वपूर्ण खेलकुद प्रतियोगिता लक्षित गरेर पदक प्राप्तिको दीर्घकालीन योजना बनाउन पनि सम्बन्धित पक्षले प्राथमिकता दिनुपर्ने देखिन्छ ।

खेलकुदलाई रोजगारमूलक बनाई नेपालमा खेलेर पनि बाँच्न सकिने स्थितिको सिर्जना गर्न सरकारी अग्रसरता अपेक्षित मानिएको छ । यसो हुनसकेको खण्डमा मुलुकबाट बर्सेनि विदेशमा पलायन भइरहेका खेलाडीलाई रोक्न सकिने अवस्थाको वातावरण बन्न सक्दछ । खेलकुदको समयोचित विकासका लागि सरकारको प्रयासबाट सम्भव नहुने भएकोले निजी क्षेत्रसँगको साझेदारी नै आजको आवश्यकता हो । *रासस*



भारतको उत्तरपूर्वी राज्य आसामको नागाउँ जिल्लामा रोंगाली बिहु उत्सवमा परम्परागत पोसाक लगाएका कलाकारहरू लोक नृत्य प्रस्तुत गर्दै । *तस्बिरः सिन्ह्वा*

# अमेरिका-इरान दोस्रो चरणको वार्ताका लागि पाकिस्तानको नयाँ प्रस्ताव

**इस्लामाबाद–** अमेरिका र इरानबीच जारी कूटनीतिक संवादले केही प्रगति गरेको संकेत देखिएपछि पाकिस्तानले दोस्रो चरणको वार्ताका लागि नयाँ प्रस्ताव अघि सारेको छ । क्षेत्रीय तनाव बढिरहेका बेला यस्तो पहललाई सम्भावित समाधानतर्फको महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

अमेरिकी उपराष्ट्रपति जेडी भान्सले हालै इरानसँगको वार्तामा ‘केही प्रगति’ भएको बताएका थिए भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि ‘अर्को पक्ष वार्ताका लागि इच्छुक रहेको’ प्रतिक्रिया दिएका थिए । यही पृष्ठभूमिमा पाकिस्तानले इस्लामाबादमै अर्को चरणको वार्ता आयोजना गर्ने प्रस्ताव अघि सारेको हो ।

पाकिस्तानी अधिकारीहरूले नाम गोप्य राख्ने सर्तमा दिएको जानकारीअनुसार यो प्रस्ताव दुवै पक्षको सहमतिमामात्र अघि बढ्ने छ । उनीहरूले एकपटकको वार्ताभन्दा निरन्तर कूटनीतिक प्रक्रियामार्फत समाधान खोज्नुपर्नेमा जोड दिएका छन् ।

यसैबीच, मध्यपूर्वमा तनाव थप चर्किने संकेत देखिएका छन् । लेबनानस्थित सशस्त्र समूह हिज्बुल्लाहका एक वरिष्ठ अधिकारीले अमेरिका-लेबनान-इजरायलबीच सुरु हुन लागेको वार्ताबाट हुने कुनै पनि सम्झौता नमान्ने चेतावनी दिएका छन् । यसले वासिङ्टनमा सुरु हुने प्रत्यक्ष लेबनान-इजरायल वार्तालाई चुनौतीपूर्ण बनाएको छ ।

लेबनानका अधिकारीहरू भने इजरायलसँगको युद्धविराम सम्भव बनाउन आशावादी देखिएका छन् । हालसम्म उक्त द्वन्द्वमा कम्तीमा दुई हजार ८९ जनाको ज्यान गएको बताइएको छ । तर इजरायली



प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले तत्काल युद्धविरामभन्दा हिजबुल्लाहको निशस्त्रीकरण र दीर्घकालीन शान्ति सम्झौतामा जोड दिएका छन् ।

यता, अमेरिकाद्वारा इरानी बन्दरगाहहरूमा गरिएको नाकाबन्दी र त्यसप्रति इरानको कडा प्रतिक्रिया दिने चेतावनीले विश्व अर्थतन्त्रमासमेत प्रभाव पार्न थालेको छ । यसले तेल आपूर्ति र समुद्री मार्गहरू, विशेषगरी होर्मुज जलडमरूमध्य, जोखिममा पर्ने चिन्ता बढाएको छ ।

अन्तर्राष्ट्रियस्तरमा पनि कूटनीतिक पहल तीव्र भएका छन् । स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेजले चीनलाई विश्वस्तरीय वार्ताकारको भूमिकामा अझ सक्रिय हुन आग्रह गरेका छन् । चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटपछि उनले इरान र युक्रेनजस्ता द्वन्द्व समाधानमा चीनको भूमिका निर्णायक हुन सक्ने धारणा व्यक्त गरे ।

जर्मनीका चान्सलर फ्रेडरिक मर्जले पनि इजरायल-लेबनान प्रत्यक्ष वार्तालाई समर्थन गर्दै दक्षिण लेबनानमा शत्रुता अन्त्य गर्न आह्वान गरेका छन् । साथै, उनले अमेरिका-इरानबीच कूटनीतिक सहमति कायम गर्नुपर्नेमा जोड दिएका छन् ।

यसैक्रममा, चीनले मध्यपूर्वमा दीर्घकालीन शान्तिका लागि चारबुँदे प्रस्ताव अघि सारेको छ, जसमा सार्वभौमसत्ताको सम्मान, अन्तर्राष्ट्रिय कानुनको पालना र शान्तिपूर्ण सहअस्तित्वलाई प्राथमिकता दिइएको छ ।

कूटनीतिक प्रयासहरू बढेसँगै विश्वबजारमा पनि प्रभाव देखिएको छ । अमेरिका-इरान वार्ता अगाडि बढ्ने अपेक्षाले तेलको मूल्य घटेको छ भने एसियाली सेयर बजारमा सुधार देखिएको छ । *रासस/एपी*

# अमेरिकी सैनिकलाई कारबाही गर्न राष्ट्रसंघलाई इरानको आग्रह

**तेहरान (इरान)–** संयुक्त राष्ट्रका लागि इरानी राजदूत अमिर सइद इरवानीले अमेरिकी सैनिकले इरानी सार्वभौमसत्ताको उल्लंघन गरेको विषयको निन्दा गर्दै संयुक्त राष्ट्रसंघलाई अमेरिकी सैनिकलाई कारबाही गर्न आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस र संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्का अध्यक्षलाई पठाएको पत्रमा इरवानीले अमेरिकाको कदमलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति र सुरक्षालाई खतरामा पार्ने आक्रमक कार्य भन्दै निन्दा गरेका छन् । सैनिक नाकाबन्दी लागू गर्नु इस्लामिक गणतन्त्र इरानको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको घोर उल्लंघन भएको उनले बताएका छन् । गत अप्रिल १२ मा युएस सेन्ट्रल कमाण्ड (सेन्टकम) द्वारा सार्वजनिक रूपमा सैनिक आतंकवादको घोषणा गरिएको थियो ।

उनले अमेरिकाले संयुक्त राष्ट्रको बडापत्रको धारा-२, अनुच्छेद ४ को उल्लंघन गर्दै आतंकवाद घोषणा गरेको बताएका छन् । उनले अवैध नाकाबन्दीले समुद्रसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको उल्लंघन गरेको बताएका छन् । इरानी बन्दरगाहहरूमा आउने र जाने समुद्री यातायात रोक्ने प्रयास गरेर, अमेरिकाले इरानको सार्वभौम अधिकारको प्रयोगमा हस्तक्षेप गरिरहेको र अन्तर ाष्ट्रिय कानुनअनुसार तेस्रो राज्यहरूको अधिकार र वैध समुद्री व्यापारको उल्लंघन गरिरहेको पत्रमा उल्लेख गरिएको छ ।

इरानले अमेरिकाको अवैध कार्यलाई अस्वीकार र निन्दा गर्दै आफ्नो सार्वभौमिकता, क्षेत्रीय अखण्डता र राष्ट्रिय हितहरूको रक्षा गर्न आवश्यक उपायहरू गर्ने आफ्नो ‘अन्तर्निहित अधिकार’ राख्ने बताएको छ ।

उनले अमेरिकाले अन्तर्राष्ट्रियरूपमा गैरजिम्मेवारपूर्ण कार्य र क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा गलत प्रभावहरूलगायत यसका सबै परिणामहरूका लागि पूर्णजिम्मेवारी वहन गर्नुपर्ने बताएका छन् ।

तत्काल अन्तर्राष्ट्रिय हस्तक्षेपको आह्वान गर्दै, इरानी दूतले संयुक्त राष्ट्र सुरक्षा परिषद्लाई नाकाबन्दीको निन्दा गर्न र तनाव रोक्न कदम चाल्न आग्रह गरेका छन् । इरवानीले संयुक्त राष्ट्रसंघलाई सम्बोधन गर्दै लेखेको पत्रमा इरानविरुद्ध अमेरिकाको निरन्तर अन्तर्राष्ट्रिय कानुनको उलंघन गरेको विषय उजागर गरेका छन् । *रासस/एएनआई*

# अमेरिकी नाकाबन्दीप्रति चीनको कडा आपत्ति

**बेइजिङ–** इरानका बन्दरगाह वरपर अमेरिकाले लागू गरेको नाकाबन्दीप्रति चीनले तीव्र असन्तुष्टि जनाउँदै यसलाई ‘खतरनाक र गैरजिम्मेवारपूर्ण’ कदमका रूपमा व्याख्या गरेको छ, जसले क्षेत्रीय तनाव थप चर्काउने र नाजुक युद्धविरामलाई कमजोर पार्ने चेतावनी दिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी बन्दरगाहतर्फ जाने वा त्यहाँबाट निस्कने जहाजहरूलाई लक्षित गर्दै कडा सैन्य कारबाहीको चेतावनी दिएपछि बेइजिङले यस्तो प्रतिक्रिया दिएको हो । विशेषगरी त्यस्ता जहाजहरूलाई डुबाउनेसम्मको चेतावनी दिइएको सन्दर्भले अन्तर्राष्ट्रिय चिन्ता बढाएको छ ।


शान्ति वार्ता सप्ताहन्तमा निष्कर्षविहीन बनेपछि ट्रम्प प्रशासनले खाडी क्षेत्रमा इरानी बन्दरगाह र तटीय मार्गहरूमा आवतजावत गर्ने जहाजहरूलाई अवरुद्ध गर्ने निर्णय गरेको थियो । अमेरिका र इरानबीच दुई हप्ताको युद्धविराममा सहमति भए पनि सोमबार १४:०० जिएमटीदेखि उक्त नाकाबन्दी कार्यान्वयनमा आएको हो ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले पत्रकार सम्मेलनमा अमेरिकाले सैन्य उपस्थिति बढाउँदै लक्षित नाकाबन्दी लागू गर्नुले तनाव कम गर्नुको सट्टा झन् बढाउने धारणा व्यक्त गरे । उनले यस्तो कदमले पहिले नै संवेदनशील अवस्थामा रहेको युद्धविरामलाई कमजोर बनाउनेमात्र नभई होर्मुज जलडमरूमध्य हुँदै हुने अन्तर ाष्ट्रिय जलयातायातको सुरक्षामासमेत गम्भीर जोखिम उत्पन्न गर्ने बताए ।

उनका अनुसार यस्तो व्यवहारले अन्तर ाष्ट्रिय स्थिरता र शान्ति प्रयासलाई क्षति पुऱ्याउने भएकाले यसलाई जिम्मेवार कदम मान्न नसकिने स्पष्ट भएको छ । यसअघि इरानले पनि होर्मुज जलडमरूमध्यलाई रणनीतिकरूपमा नियन्त्रणमा लिँदै आफू अनुकूल ठानेका मुलुकका जहाजहरूलाई मात्र आवतजावतको अनुमति दिएको थियो । यसले विश्व ऊर्जा आपूर्ति शृंखलामा थप दबाब सिर्जना गरेको छ ।

विश्लेषकहरूका अनुसार अमेरिकी नाकाबन्दीको मुख्य उद्देश्य इरानको आर्थिक स्रोतमा दबाब सिर्जना गर्नुका साथै इरानी तेलको प्रमुख खरिदकर्ता चीनलाई तेहरानमाथि दबाब दिन बाध्य पार्नु हो, ताकि जलडमरूमध्य पुनः पूर्णरूपमा खुला होस् । उल्लेखनीय रूपमा, विश्वको करिब पाँचौं भाग तेल यही मार्ग हुँदै ओसारपसार हुन्छ ।

यसैबीच, संयुक्त राष्ट्रसंघका लागि इरानका राजदूतले अमेरिकी कदमलाई आफ्नो देशको सार्वभौमसत्तामाथिको गम्भीर उल्लंघनको संज्ञा दिएका छन् । अर्कोतर्फ, चिनियाँ राष्ट्रपति सी चिनफिङले खाडी तथा मध्यपूर्वका देशहरूको सार्वभौमसत्ताको सम्मान गर्नुपर्नेमा जोड दिँदै चीनले शान्ति प्रक्रिया अघि बढाउन ‘रचनात्मक भूमिका’ बताएका छन् । बेइजिङमा अबुधाबीका युवराज शेख खालिद बिन मोहम्मद बिन जायद अल नाहयानसँगको भेटपछि उनले यस्तो धारणा राखेका हुन् । *रासस/एएफपी*



## अमेरिकाको कर धम्कीविरूद्ध चीनको चेतावनी

**बेइजिङ–** अमेरिका र चीनबीच व्यापारिक तनाव फेरि चर्किने संकेत देखिएको छ । जहाँ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनमाथि नयाँ कर लगाउने चेतावनी दिएपछि बेइजिङले त्यसको ‘कडा प्रतिआक्रमण’ गर्ने स्पष्ट सन्देश दिएको छ ।

अमेरिकाले चीनले इरानलाई सैन्य सहयोग गर्न लागेको भन्ने रिपोर्ट सार्वजनिक गरेसँगै यो विवाद सतहमा आएको हो । ट्रम्पले अर्को महिना चिनियाँ राष्ट्रपति सी चिनफिङसँग हुने भनिएको भेटअघि नै तेहरानलाई हतियार सहयोग गरेमा चिनियाँ सामानमा ५० प्रतिशतसम्म कर लगाउने चेतावनी दिएका छन् ।

यही दिन अमेरिकी सञ्चारमाध्यम सिएनएनले अमेरिकी गुप्तचर निकायलाई उद्धृत गर्दै चीनले आगामी केही हप्ताभित्र इरानलाई नयाँ हवाई रक्षा प्रणाली उपलब्ध गराउन सक्ने संकेत गरेको खबर सार्वजनिक गरेको थियो । यसअघि सप्ताहन्तमा द न्युयोर्क टाइम्सले पनि बेइजिङले काँधबाट प्रहार गर्न सकिने मिसाइलहरू पठाएको हुन सक्ने दाबी गरेको थियो ।

तर चीनले यी सबै आरोपलाई पूर्णरूपमा अस्वीकार गरेको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले पत्रकार सम्मेलनमा ती रिपोर्टहरू ‘पूर्णतया बनावटी’ भएको प्रतिक्रिया दिए । उनले अमेरिकाले यस्ता दाबीलाई बहाना बनाएर थप कर लगाउने प्रयास गरे चीनले कडा प्रतिक्रिया दिने स्पष्ट पारे ।

चीन र इरानबीच घनिष्ठ आर्थिक सम्बन्ध रहेको छ । विशेषगरी चीन इरानको प्रमुख तेल खरिदकर्ता हो । यद्यपि दुई देशबीच औपचारिक सैन्य गठबन्धन भने छैन । विश्लेषकहरूका अनुसार बेइजिङले इरानसँगको सम्बन्धलाई मुख्यतः आर्थिक र व्यावहारिक दृष्टिकोणबाट हेर्ने गरेको छ ।

यससँगै चीनले खाडी क्षेत्रका अन्य देशहरूसँग पनि बलियो आर्थिक सम्बन्ध कायम राखेको छ । पछिल्लो द्वन्द्वका क्रममा इरानले ती देशहरूलाई लक्षित गरी गरेको आक्रमणप्रति चीनले आलोचना समेत गरेको छ । *रासस/एएफपी*

# १०० युरोमा पिकासो जित्ने अवसर

**पेरिस–** अल्जाइमर अनुसन्धानका लागि कोष जुटाउने उद्देश्यले फ्रान्समा आयोजना गरिएको एक विशेष राफलमार्फत केवल १०० युरोमा करोडौं मूल्यको पाब्लो पिकासोको चित्रकला जित्ने अवसर प्रदान गरिएको छ । यसले कला र परोपकारलाई अनौठो ढंगले जोडेको छ ।

मंगलबार पेरिसस्थित क्रिस्टीको लिलामी घरमा हुने ड्रबाट एक भाग्यशाली व्यक्तिले करिब १० लाख डलर मूल्यको पिकासोको चित्रकला आफ्नो बनाउन सक्ने छन् । आयोजकहरूले ‘१०० युरोमा एक पिकासो’ नाम दिइएको यो अभियानको तेस्रो संस्करण सञ्चालन गरेका हुन् ।

यसपटक राफलमा राखिएको चित्र ‘हेड अफ अ वुमन’ शीर्षकको हो, जसलाई पिकासोले सन् १९४१ मा कागजमा गौचे माध्यम प्रयोग गरी सिर्जना गरेका थिए । यस अभियानबाट उठ्ने रकम पूर्णरूपमा अल्जाइमरसम्बन्धी अनुसन्धानमा खर्च गरिने छ ।



यसअघि सन् २०१३ मा आयोजित पहिलो राफलमा अमेरिकाको पेन्सिलभेनियाका एक व्यक्तिले ‘म्यान इन द ओपेरा हचाट’ शीर्षकको चित्र जितेका थिए । उक्त चित्र पिकासोको क्युबिस्ट कालखण्ड (सन् १९१४) को प्रतिनिधि कृति हो । त्यसैगरी, सन् २०२० मा आयोजित दोस्रो राफलमा ‘स्टिल लाइफ’ नामक चित्र इटालीकी एक लेखापालकी आमाले जितेकी थिइन्, जुन उनका छोराले क्रिसमस उपहारस्वरूप टिकट किनिदिएका थिए ।

सन् १९२१ मा बनाइएको उक्त ‘स्टिल लाइफ’ चित्र अर्बपति कला संकलक डेभिड नहमादबाट खरिद गरिएको थियो । नहमादले पिकासो जीवित भएको भए यस्ता परोपकारी प्रयोजनका लागि आफ्नो कृति प्रयोग गर्न सहमति जनाउने विश्वास व्यक्त गरेका थिए । पिकासोको सन् १९७३ मा निधन भएको थियो ।

यो राफल अल्जाइमर रिसर्च फाउण्डेसनद्वारा आयोजना गरिएको हो, जुन पेरिसका प्रमुख सार्वजनिक अस्पतालमध्ये एकसँग आबद्ध संस्था हो । सन् २००४ मा स्थापना भएको यो संस्था हाल फ्रान्समा अल्जाइमरसम्बन्धी अनुसन्धानका लागि निजी क्षेत्रबाट सबैभन्दा ठूलो लगानीकर्ता बनेको छ ।

आयोजकहरूले अनलाइन प्लेटफर्ममार्फत टिकट संख्या एक लाख २० हजारमा सीमित गरेका छन् । सबै टिकट बिक्री भएमा कूल एक करोड २० लाख युरो (करिब एक करोड ४० लाख डलर) संकलन हुने अनुमान गरिएको छ । यसमध्ये १० लाख युरो चित्रको स्वामित्व राख्ने अन्तर्राष्ट्रिय आर्ट डिलरसिप ओपेरा ग्यालरीलाई प्रदान गरिने छ ।

यसअघि सम्पन्न दुई संस्करणबाट संकलित रकम लेबनानमा सांस्कृतिक कार्यक्रम र अफ्रिकामा पानी तथा सरसफाइ परियोजनामा खर्च गरिएको थियो, जसबाट एक करोड युरोभन्दा बढी रकम उठाइएको आयोजकहरूले जनाएका छन् ।

कला, भाग्य र सामाजिक उत्तरदायित्वलाई जोड्ने यस अभियानले विश्वभरका सहभागीलाई आकर्षित गरिरहेको छ र सानो लगानीमा ठूलो कृति जित्ने सम्भावनासँगै मानवीय सेवामा योगदान गर्ने अवसर पनि दिएको छ । *रासस/एपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोहरूखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहिरूत दाहरूाल) – फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal-पुतलीसडक चोक, फोन नं.9851079417,2297501|HaLMax¿Communication-Jamal Kathmandu,4224181,4245457,9841853198,(Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर, कलंकी चोक, फोन नं.९८४१०२१५२३, ९८५१०८८६७७, ९८१०१२३१३१, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं, सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९९८०० | प्रति तोला – ० | प्रति तोला – ५०६५ |



**कन्याममा पर्यटक** | इलामको पर्यटकीय गन्तव्य कन्याममा नयाँ वर्षको दिन पर्यटकको भीड । नेपाली नयाँ वर्षको रूपमा मनाइने वैशाख १ मा सरकारले सार्वजनिक बिदा दिने गरेको छ । *तस्बिरः मनोज अधिकारी/रासस*

## पेट्रोलियमको मूल्यवृद्धिले ठूला विकास आयोजना प्रभावित

■ प्रभाव संवाददाता

**महेन्द्रनगर** – पछिल्लो समय पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि र आपूर्तिमा देखिएको समस्याका कारण सुदूरपश्चिममा ठूला विकास आयोजनाको काम प्रभावित बनेका छन् ।

निर्माण व्यवसायीहरूले आफूसित मौज्दात रहेको इन्धनबाट काम गरिरहेको भए पनि इन्धनमा भएको मूल्य वृद्धि र अभावका कारण आयोजनालाई अगाडि बढाउन समस्यामा परेका बताइएको छ । यहाँको सेती राजमार्ग दक्षिण खण्ड (टीकापुर-लोडे-चैनपुर-ताक्लाकोट सडक आयोजना)को काम बन्द हुने अवस्थामा पुगेको आयोजना प्रमुख रामकुमार देवले बताए ।

'निर्माण व्यवसायीसित भएको मौज्दात इन्धन सकियो अब काम रोकिने अवस्थामा गइसक्यो', उनले भने, 'ट्र्याक खोल्न प्रयोग भएका ठूला उपकरण पनि रोकिसके ।' दुई सय चार किलोमिटरका उक्त आयोजना २०७४ सालदेखि सुरु भएको हो । आयोजनाअन्तर्गत ३५ किलोमिटर ट्र्याक खोल्न बाँकी छ । हालसम्म कूल दश किलोमिटर खण्ड कालोपत्रे भएको छ । आयोजनाअन्तर्गत डोटी, अछाम र कैलालीमा विभिन्न प्याकेजमा काम भइरहेको आयोजना प्रमुख देवले जानकारी दिए ।

'चालु आर्थिक वर्षमा सात किमी कालोपत्रे भयो', उनले भने, 'कालोपत्रे गर्न बिटुमिनको अभाव छ', चालु आवमा उक्त आयोजनाका लागि सरकारले रु २५ करोड रकम विनियोजन गरेको उहाँको भनाइ छ', काम सुस्त भयो । बन्द हुने अवस्था छ । मेसिनरी बन्द हुने अवस्थामा छन्', उनले भने, 'महँगो पनि पाउन गाह्रो पनि भयो ।'

पेट्रोलियम पदार्थ मूल्य वृद्धिपछि निर्माण व्यवसायीहरूले काम गर्न नसकिने जनाउँदै कार्यालयमा निवेदन दिन थालेका छन् । सुदूरपश्चिमकै गौरवको महाकाली सिँचाइ तेस्रो चरण आयोजनासमेत यसको प्रभाव परेको छ । सिँचाइको मूल नहर निर्माणका लागि सात प्याकेजमा ठेक्का सम्झौता भएर काम भइरहेको भए पनि अहिले निर्माण व्यवसायीहरूले कार्यालयमा मूल्यवृद्धिले काम गर्न नसकिने जनाउँदै कार्यालयमा निवेदन दिएको महाकाली सिँचाइ तेस्रो चरण आयोजना कार्यालयका सूचना अधिकारी यादव बरालले जानकारी दिए ।

उनका अनुसार कार्यालयले नदी नियन्त्रणका लागि ठेक्का लगाए पनि तारजालीको मूल्य वृद्धिका कारण काम हुन सकेको छैन । 'मूल्यवृद्धिका कारण नदी नियन्त्रणका लागि ठेक्का भएको काम हुनज सकेको छैन, यसले बर्सातमा समस्या पार्छ कि भन्ने डर छ ।' सूचना अधिकारी बरालले भने, 'पेट्रोलिय पदार्थमा मूल्यवृद्धि भएपछि निर्माण व्यवसायीहरूले पनि कार्यालयमा निवेदन दिएका छन् ।'

त्यसैगरी महाकाली करिडोरको काम पनि मूल्य वृद्धिको असरको चपेटामा छ । तेह्र वटा प्याकेजमा ठेक्का भई कञ्चनपुरदेखि दार्चुलाको तिंकरसम्मको करिडोरको निर्माण भइरहेको भए पनि पछिल्लो समय निर्माण व्यवसायीले महँगी बढेको जनाउँदै काम गर्न छाडेका छन् ।

महकाली करिडोर (ब्रह्मदेव-झुलाघाट-दार्चुला-तिंकर) सडक योजना कार्यालयका सूचना अधिकारी दिनेश रैखोलाले इन्धन, बिटुविनलगायतका सामग्रीको भएको मूल्यवृद्धिका कारण करिडोरको काम प्रभावित बनेको बताए । चार सय २५ किलोमिटर खण्डको उक्त करिडोरअन्तर्गत कञ्चनपुरमा ११ किलोमिटर, डडेल्धुरामा ५६, बैतडीमा १४४ र दार्चुलामा १२० किलोमिटर सडक पर्छ । दार्चुलामा ७९ किलोमिटर सडकको ट्र्याक खोल्ने काम नेपाली सेनाले गरिरहेको छ । निर्माण व्यवसायीले मूल्यवृद्धि समायोजन नहुँदासम्म काम गर्न नसकिने बताउँदै सरकारलाई मूल्यवृद्धि समायोजनको माग गरेका छन् ।

निर्माण व्यवसायी कञ्चनपुरका अध्यक्ष पुष्पराज अवस्थीले निर्माण व्यवसायीहरूले निर्माण उद्योगमा आपत्काल घोषणाको माग गरिएको बताए । उनले भने, 'निर्माण व्यवसायीहरूले घरदेख बेचेर काम गनुपर्ने अवस्था आएको छ ।' संघमा आबद्ध कञ्चनपुरका ६०० बढी निर्माण व्यवसायीहरूले बजारमा देखिएको मूल्यवृद्धि र सामग्री अभावका कारण काम गर्न नसकिने बताउँदै निर्माण होलिडेको तयारी गरिरहेको उनले बताए ।

## विद्युत् खपत रणनीति बनाउन आवश्यक छलफल गर्दै मन्त्रालय

■ प्रभाव संवाददाता

**काठमाडौं–** उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री र नेपाल उद्योग परिसंघबीच मुलुकको ऊर्जा क्षेत्रको विकास गर्न र थप उन्नयनका बारेका छलफल भएको छ । सो अवसरमा मन्त्री श्रेष्ठले समग्र उर्जा क्षेत्रको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्ध रहेको बताए ।

मन्त्री श्रेष्ठले विद्युत्को निर्यातसँगै आन्तरिक खपत कसरी बढाउने भन्नेतर्फ पनि सरकारले गृहकार्य गरिरहेको बताए । सरकारले जलाशय तथा नविकरणीय उर्जा, विद्युत् खपत बढाउने रणनीतिलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै उहाँले उर्जा क्षेत्रले कुल गार्हस्थ उत्पादन (जिडिपी) मा कसरी योगदान बढाउन सकिन्छ भन्ने विषयमा निजी क्षेत्रको स्पष्ट सुझावको अपेक्षा गरेको स्पष्ट पारे ।





परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले विद्युत् खपत बढाउने नीति अवलम्बन गरिनुपर्नेमा जोड दिए । उनले उद्योगलाई आवश्यक ऊर्जा उत्पादन गरी 'ह्विलिङ चार्ज' लगाई प्रसारण गर्न दिने नीति कार्यान्वयन गर्न, निजी क्षेत्रलाई विद्युत्को आन्तरिक तथा अन्तरराष्ट्रिय व्यापारको अनुमति दिने नीति लिन सुझाए ।

संघीय सरकारबाट स्वीकृति लिई सर्भे सम्पन्न गरिसकेका र विद्युत् खरिद सम्झौता हुन बाँकी सबै परियोजनासँग तत्काल विद्युत् खरिद सम्झौता (पिपिए) गर्न, विद्युत्को आन्तरिक खपत बढाउने नीति लिन, जीवास्म इन्धनमा आधारित उद्योगलाई विद्युत्मा आधारित उपकरणले विस्थापित गर्न सहुलियत दिने व्यवस्था गर्न आग्रह गरे । उनले वैकल्पिक उर्जा स्रोततर्फ पनि ध्यान दिइनुपर्नेमा जोड दिए ।

## गहुँखेती क्षेत्र घटयो उत्पादन बढयो

**राँझा (प्रस)–** बाँके जिल्लामा गहुँखेती गर्ने क्षेत्र घट्दै गए पनि गत वर्षको तुलनामा उत्पादनमा  वृद्धि भएको छ ।

उन्नत जातको बीउ, सिँचाइ र अनुकूल मौसमका कारण यो वर्ष गहुँखेती उत्पादन वृद्धि हुने कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले जानकारी दिए । 'खेती गर्ने जग्गाको क्षेत्रफल घटे पनि यस वर्ष गत वर्षभन्दा गहुँ बढी उत्पादन हुने अध्ययनले देखाएको छ', पाठकले भने, 'बीउको प्रतिस्थापन दर बढ्दो भएका कारण र किसानले हाइब्रिड जातको बीउको बढी प्रयोगका कारण पनि उत्पादनमा वृद्धि भएको हो ।'

उनका अनुसार बाँकेमा गत वर्ष २० हजार ८९५ हेक्टर क्षेत्रफल जमिनमा गरिएको गहुँखेतीबाट ७७ हजार ७०८ मेट्रिक टन गहुँ उत्पादन भएको थियो । यो वर्ष समयमै बर्सात भइरहेको र कुनै किसिमको रोग तथा कीराको सङ्क्रमण नभएकाले गत वर्षको तुलनामा गहुँको उत्पादन वृद्धि हुने भएको छ ।

बाँके जिल्लाका किसान यतिबेला वर्षभरिको पसिनाको फल सुरक्षित गर्ने निर्णायक घडीमा छन् ।

## उत्पादन घटेसँगै अण्डाको मूल्य बढयो

■ प्रभाव संवाददाता

**चितवन–** अण्डाको उत्पादनमा कमी र माग बढे पछि मूल्य बढेको छ । लेयर्स कुखुरापालक सङ्घले फार्महरूको मूल्यलाई आधार बनाएर आजदेखि लागू हुनेगरी अण्डाको मूल्य बढाएको हो ।

बढेको मूल्यअनुसार ठूलो अण्डा एक क्रेट (३० वटा)को फार्म मूल्य रु ४६५ पुगेको छ । यसअघि प्रतिक्रेट रु ४५० मा बिक्री गरिएको ठूलो अण्डाको मूल्य रु १५ ले बढेको हो । यस्तै मझौला अण्डाको फार्म मूल्य रु ४१५ कायम गरिएको छ । यसअघि यो अण्डा रु ४०० मा बिक्री हुँदै आएको थियो ।

गत मङ्सिरमा अण्डाको मूल्य हालसम्मकै उच्च भएको थियो । तत्कालीन समयमा फार्ममा ठूलो अण्डा रु ५६५ प्रतिक्रेटमा बिक्री भएको थियो । मझौलाको रेट रु ५५० थियो । संघका अध्यक्ष विनोद पोखरेलका अनुसार कुखुरामा देखिएको रोग र बढ्दै गएको गर्मीका कारण उत्पादनमा कमी आएको छ । नयाँ वर्षको पूर्वसन्ध्यादेखिनै भएको पर्यटकीय चहलपहल र गतिविधि बढेका कारण अण्डाको माग बढेको छ । सीमा क्षेत्रमा कडाइ गरिएकाले बाहिरबाट अण्डा आउने क्रम घटेको छ । यिनै कारणले अण्डाको माग बढेको र उत्पादन घटेकाले मूल्य बढेको हो । यद्यपि लागत मूल्यमा पुग्न सकेको छैन ।

अण्डाको उत्पादन लागत मूल्य प्रतिगोटा रु १९ दशमलव १२ पर्न आउँछ । यसलाई हिसाब गर्दा किसानको लागत मूल्य प्रतिक्रेट रु ५७४ पर्न आउँछ । लागत मूल्य नजिक पुगेको अवस्थामा पुनः अण्डाको मूल्य घटेपछि किसान निरास बनेका छन् । मूल्य बढ्ने आशमा किसान रहेका छन् । सङ्घले बजारको अवस्थाअनुसार अण्डाको समर्थन मूल्य तय गर्दै आएको छ । अध्यक्ष पोखरेलले अब अण्डाको मूल्य बढेर लागत मूल्यसम्म पुग्ने अपेक्षा गरिएको बताए ।

## उपभोक्ता समिति हटाउने प्रस्तावले साना विकास योजनामाथि खतरा

■ प्रभाव संवाददाता

**काठमाडौं** – सार्वजनिक खरिद ऐन संशोधनको प्रस्तावित मस्यौदामा उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई खरिद प्रक्रियाबाट हटाउने व्यवस्था समावेश भएपछि देशभर यसको व्यापक विरोध सुरु भएको छ । विशेषगरी साना तथा स्थानीयस्तरका विकास आयोजनामा प्रत्यक्ष संलग्न हुँदै आएका उपभोक्ता समितिलाई हटाउने प्रस्तावले कानुनी राज्यको नाममा असमानता र केन्द्रीकरण बढाउने खतरा देखिएको भन्दै सरोकारवालाहरूले सरकारको कदममाथि गम्भीर प्रश्न उठाएका छन् ।

हालको व्यवस्थाअनुसार स्थानीय स्तरमा १० लाखदेखि ६० लाखसम्मका साना आयोजना उपभोक्ता समितिमार्फत छिटो, सस्तो र प्रभावकारी रूपमा सञ्चालन हुँदै आएका छन् । गाउँ-टोलमै गठन हुने यस्ता समितिले १०-१५ दिनमै काम सम्पन्न गर्ने उदाहरणहरू प्रशस्तै छन् । यसले एकातिर स्थानीय रोजगारी सिर्जना गरेको छ भने अर्कोतर्फ निर्माण कार्यमा प्रत्यक्ष निगरानीका कारण गुणस्तर पनि सुनिश्चित हुँदै आएको स्थानीयहरूको अनुभव छ । तर प्रस्तावित संशोधनले यही संरचनालाई हटाएर सम्पूर्ण काम ठेक्का प्रणालीमा लैजान खोजेको देखिन्छ, जसले साना आयोजनाहरूमा अनावश्यक लागत वृद्धि र ढिलाइ निम्त्याउने जोखिम रहेको विज्ञहरू बताउँछन् ।

युवा पुस्ता, विशेषगरी 'जेन्जी' समूहले समेत उपभोक्ता समिति हटाउने प्रस्तावको खुलेर विरोध गरेका छन् । उनीहरूको तर्क छ । साना आयोजनालाई करोडौँको ठेक्कामा रूपान्तरण गर्दा भ्रष्टाचार बढ्ने मात्र होइन, स्थानीयको पहुँच र सहभागिता समाप्त हुने खतरा हुन्छ । स्थानीय युवाहरूका अनुसार उपभोक्ता समितिमार्फत सञ्चालन हुने योजनाले गाउँमै रोजगारी सिर्जना गर्ने, स्थानीय स्रोत साधनको उपयोग गर्ने र काम छिटो सम्पन्न गर्ने अभ्यासलाई संस्थागत गरेको छ । यस्तो प्रणाली हटाउनु विकासको विकेन्द्रीकरणको अवधारणाविपरीत हुने उनीहरूको भनाइ छ ।

सरकारले भने खरिद प्रक्रियामा पारदर्शिता र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले ऐन संशोधन गर्न लागेको दाबी गरेको छ । प्रस्तावित मस्यौदामा पेस्की रकमको दुरूपयोग रोक्न कडा प्रावधान, समयमै काम नगर्ने ठेकेदारमाथि कारबाही, जिम्मेवार कर्मचारीलाई दण्ड तथा उत्कृष्ट काम गर्नेलाई पुरस्कार दिने व्यवस्था समावेश गरिएको छ । तर यस्ता सुधारका नाममा उपभोक्ता समितिलाई नै विस्थापित गर्नु समाधानभन्दा समस्या बढाउने कदम हुने विश्लेषकहरूको धारणा छ ।

अघिल्ला सरकारहरूको अनुभवले पनि उपभोक्ता समितिसम्बन्धी निर्णयहरू विवादित बनेको देखिन्छ । तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले उपभोक्ता समितिको अधिकार सीमित गर्ने प्रयास गर्दा व्यापक आलोचना भएपछि पछि त्यसलाई सुधार्न बाध्य भएका थिए । त्यसैले अहिले फेरि त्यही विषयलाई उठाएर विवाद निम्त्याउनु सरकारको नीतिगत अस्थिरताको संकेत भएको आलोचकहरू बताउँछन् ।

विज्ञहरूका अनुसार उपभोक्ता समितिमा केही कमजोरीहरू अवश्य छन् जस्तै पारदर्शिताको अभाव, राजनीतिक हस्तक्षेप, र कहिलेकाहीँ गुणस्तरमा सम्झौता तर समाधानको उपाय सुधार र कडाइ हुनु पर्नेमा पूर्ण रूपमा खारेज गर्नु गलत दृष्टिकोण हुने उनीहरूको भनाइ छ । कडा मापदण्ड, नियमित अनुगमन, पारदर्शी लेखा प्रणाली र उत्तरदायित्व सुनिश्चित गरेर उपभोक्ता समितिलाई अझ प्रभावकारी बनाउन सकिने उनीहरूको सुझाव छ ।

अर्कोतर्फ साना योजनालाई ठेक्का प्रक्रियामा लैजाँदा प्रशासनिक जटिलता बढ्ने, समय लम्बिने र लागत अनावश्यक रूपमा फुल्ने सम्भावना उच्च हुन्छ । ग्रामीण क्षेत्रमा ठेकेदारको पहुँच सीमित हुने, काम अधुरो छाड्ने वा ढिलाइ गर्ने प्रवृत्ति दोहोरिने जोखिम पनि त्यत्तिकै गम्भीर छ । यसले विकासप्रति जनविश्वास कमजोर पार्ने खतरा रहेको स्थानीय तहका प्रतिनिधिहरू बताउँछन् ।

सरकारले मस्यौदालाई प्रारम्भिक चरणमा रहेको भन्दै सुझाव संकलन गरिरहेको जनाएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार सरोकारवाला निकाय, विज्ञ तथा सर्वसाधारणबाट प्राप्त सुझाव समेटेर अन्तिम मस्यौदा तयार पारिनेछ, जसलाई मन्त्रिपरिषद् हुँदै संसद्मा पेश गरिनेछ । तर सरोकारवालाहरूले उपभोक्ता समितिसम्बन्धी प्रावधानलाई पहिलो प्राथमिकतामा राखेर पुनर्विचार गर्न सरकारलाई आग्रह गरेका छन् ।

कानुनी राज्यमा सबैलाई समान अवसर र सहभागिता सुनिश्चित गर्नु मूल आधार मानिन्छ । स्थानीय समुदायलाई नै बाहिर राखेर विकास प्रक्रिया अघि बढाउने प्रयासले केन्द्रमा शक्ति केन्द्रीकरण गर्ने र जनसहभागिता कमजोर बनाउने संकेत देखिएको छ । त्यसैले उपभोक्ता समितिलाई हटाउने होइन, सुधार गरेर अझ सशक्त बनाउने दिशामा अघि बढ्नुपर्ने आवाज बलियो बन्दै गएको छ ।

## गहुँको उत्पादन लागत बढ्यो समर्थन मूल्यले लागत उठेन

■ प्रभाव संवाददाता

महँगीको मारमा परेका किसान सरकारले तोकेको गहुँको समर्थन मूल्यबाट लागतसमेत नउठ्ने भएपछि चिन्तित बनेका छन् । पछिल्लो समय पेट्रोलिय पदार्थमा भएको मूल्यवृद्धिका कारण उत्पादन लागत बढ्दै गएको अवस्थामा सरकारले तोकेको मूल्यले लागतसमेत नउठ्ने किसानहरूको गुनासो छ ।

**दोधारा चाँदनी–** सरकारले तोकेको गहुँको समर्थन मूल्यप्रति किसानले असहति जनाएका छन् । सरकारले यस वर्ष गहुँको समर्थन मूल्य रु तीन हजार ९४५ तोकेको छ । तर महँगीको मारमा परेका किसान सरकारले तोकेको गहुँको समर्थन मूल्यबाट लागतसमेत नउठ्ने भएपछि चिन्तित बनेका छन् । पछिल्लो समय पेट्रोलिय पदार्थमा भएको मूल्यवृद्धिका कारण उत्पादन लागत बढ्दै गएको अवस्थामा सरकारले तोकेको मूल्यले लागतसमेत नउठ्ने किसानहरूको गुनासो छ ।

'गत वर्षको तुलनामा जोताइदेखि थ्रेसिङसम्मको खर्च बढेको छ ।' कञ्चनपुरको भीमदत्त नगरपालिका-१६ का राजेश रानाले भने, 'सरकारले तोकेको मूल्यले हाम्रो लगानी पनि उठ्दैन अन्य वस्तुको जस्तै किसानको उत्पादनको पनि मूल्य बढ्नुपर्छ ।' पाँच क√ा खेत अधिया लिएर गहुँखेती गरेका रानाले किसानले उत्पादनको उचित मूल्य कहिल्यै नपाउने गरेको बताए ।

सरकारले गहुँको मूल्य तोके पनि कञ्चनपुरस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले किसानको गहुँ खरिद नगर्दा किसानहरू मर्कामा परेका छन् । 'सरकारले मूल्य त तोक्यो किसानको गहुँ खरिद गर्न सुरु गरेको छैन ।' यहाँको दोधारा चाँदनी-२ का अनिता बोगटीले भनिन्, 'सरकारले समयमा समर्थन मूल्य नतोक्ने र गहुँ खरिदमा ढिलाइ गरेका कारण किसानले बाध्य भएर सस्तोमा गहुँ बिक्री गर्नपरेको छ ।' सरकारले समयमै गहुँको समर्थन मूल्य नतोक्ने र तोके पनि पनि झन्झटिलो तथा खरिद प्रक्रियामा ढिलाइजस्ता समस्याले विचौलियाले किसानको उत्पादन सस्तोमा खरिद गर्ने गरेको यहाँका स्थानीय विष्णु जोशी बताउँछन् । 'हामीसँग उत्पादन गरेको गहुँ भण्डारण गर्ने ठाउँको अभाव छ, सरकारले समयमा खरिद गर्दैन', उनले भने, 'अहिले झन लागत बढेको छ सरकारले तोकेको मूल्यले पनि हाम्रो लागत आउँदैन ।'

उनले सरकारले मूल्य तोक्दा बजारमा अन्य वस्तुको मूल्यवृद्धिलाई मध्यनजर गरेर किसानको उत्पादनको उचित मूल्य तोक्नुपर्ने बताए । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, महेन्द्रनगरका कार्यालय प्रमुख महिकरण महराले गहुँ खरिदको कोटा निर्धारण नहुँदा किसानबाट गहुँ खरिद गर्न नसकिएको बताए ।  कञ्चनपुरमा एक लाख ६१ हजार ७४१ हेक्टर कूल खेतीयोग्य जमिन रहेको छ । यसमध्ये ३१ हजार २१० हेक्टरमा गहुँखेती हुने गरेको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ